परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।
सम्पादक

❑ वर्ष ११ ❑ अंक २८ २०७९ फागुन ७ गते आईतवार Sunday 19, FEB 2023 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## खेलकुद महासंघ, महाधिवेशनको अवसरमा केपी ओली रोडरेस (खुल्ला दौड) प्रतियोगिता

विराटनगर। नेपाल खेलकुद महासंघको दोश्रो महाधिवेशनको अवसरमा आज केपी ओली रोडरेस (खुल्ला दौड) प्रतियोगिता हुँदै छ।

महाधिवेशनको तयारी पूरा भएको जानकारी दिने उदेश्यले शनिवार आयोजना गरिएको पत्रकार सम्मेलनमा सो कुरा जानकारी गराएको हो। 'खेलकुद नागरिकको मौलिक अधिकार, समृद्धिका लागि जनस्वास्थ्य हाम्रो सरोकार' भन्ने नारा सहित महाधिबेशन हुन लागेको आयोजक समितिले जनाएको छन्।



महाधिवेशनको तयारी पूरा भएको जानकारी दिदै संयोजक परशुराम बस्नेत लगायत अतिथीहरु

महाधिवेशन उद्घाटनको अवसरमा केपी ओली रोडरेसको प्रथम संस्करण २०७९ हुने सो अवसरमा एमाले अध्यक्ष केपी शर्मा ओलीको उपस्थिति रहने छन्। विराटनगरको सहिद रंगशाला विराटनगरबाट शुरु हुने रोडरेस ( खुला दौड) हाटखोला पुष्पलाल चोक, बरगाछी, महेन्द्र चोकहुँदै रोडशेष पुगेर महाधिबेशन स्थल जाने तयारी भएको आयोजक समितिले जनाएको छ। खुला सडक दौड (रोडरेस) प्रति योगितामा प्रथम हुने महिला र पुरुषले जनही नगद एक/एक लाख नगतवाट पुरस्कृत हुनेछ।

महाधिवेशनलाई लक्षितगरि नेफोस राष्ट्रिय ब्याडमिन्टन संघको आयोजनामा विराटनगर मा राष्ट्रिय पुष्पलाल स्मृति ब्याडमिन्टन प्रतियोगिता जारी रहेको छ। ब्याडमिन्टन प्रति योगिता २ गतेदेखि जारी छ आजै सम्पन्न हुनेछ।

नेपाल खेलकुद महासंघको दोस्रो राष्ट्रिय महाधिवेशन समुद्घाटन समारोह आजै विराट नर्सिङ होम पूर्व रेको महोत्सवस्थलको मैदानमा पूर्वप्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको उद्घाटन गर्ने महाधिवेशन संयोजक परशुराम बस्नेतले बताए।

महाधिवेशन उद्घाटन समारोह मा कराँते, उसु, तेक्वान्दो, कबड्डी

वांकी अन्तिम पेजमा...

## छोराको उपचारमा सहयोग गर्न हात फैलाउँदै, आमाबुवा

विराटनगर। मोरंगको ग्रामथान गाउँपालिका वडा नं. मोटीपुर टोलका २१ वर्षिय दिलचन्द थानदारको शरीरमा आगो लागेर पुरै शरिर पोलेका छोराको उपचारमा सहयोग गर्न आमा-बुवा गाउँटोलमा भौतारी रहेका छन्।

आमा पुनीत माझी र बुवा परशुराम थानदारल विगत दुइ महिना देखि गाउँ-गाउँमा सहयोगका लागि हात फैलाउँदै आइरहेका छन्। परिवारको आर्थिक अवस्था कमजोर हुँदा छोरा दिलचन्द थानदारको उपचार गराउन नपाउँदा घरको औछ्यानमा एतिवेला छटपट्याई रहेको छ।


छोरा दलचन्द थानदार

२१ वर्षीय दिलचन्द थानदार दुई महिना अगाडी शरिरमा आगोले पोलेर घरमा थलिएका हुन्। छोराको उपचारका लागि उनका आमाले घरमा रहेको एउटा खाट समेत बेचेर जसो तसो गरेर समाजको सहयोगमा विराटनगर स्थित कोशी अस्पतालमा छोरालाई उपचारका लागि पुऱ्याएका हुन्।

एका बिहानै उठेर छोराको उपचारको लागि छर छिमेसंग सहयोग माग्न जान्छीन्। घरको आर्थिक अवस्था दयनीय भएकै कारण अरुको घरमा सहयोग माग्न बाध्यको रुदै दिलचन्दकी आमाले दु:खेसो पोखिन। छोराको उपचार कोशी अस्पतालमा सम्भव नभएपछि उनलाई फेरी घरमै फर्काएका थिए। छोराको उपचारका लागि उनका आमा र बुवाले मनकारी मनभएका हातहरुसंग सहयोगको याचना गरेका छन्।

आर्थिक अभावको कारण उपचार गराउन नसकेर छोरालाई घरमै राखेको उहाँको भनाई छ। उनको बुवाको पनि भरपर्दो कमाइ छैन। उनीहरु अरुको घरमा जनमजदुरी गर्ने काम गर्छन्। लोहन्द्रा खोला किनारमा परालको छानौ भएको घरमा जिवन यापन गरि रहेका छन्।

सुकुम्बासी रहेका थानदारको घर पनि जीर्ण भइसकेको छ। सुत्दा ओड्ने र ओछ्याउने पनि छैन। पिडीत थानदारको बिजोग देखेर उनलाई फेरी स्वास्थ्य उपचारका लागि कोशी अस्पतालसंम्म पुऱ्याएको स्थानीय खिल प्रसाद दाहालको भनाइ छ। उहाँले पनि मनकारीहरुसंग सहयोगगरी दिनका लागि आग्रहगर्नु भएको छ। थानदारको उपचारका लागि सहयोग जुटाउन छिमेकी सुदेश चौधरी गाउँ-गाउँमा सहयोग माग्दै आइरहेको वताए। स्थानीयहरुबाट

वांकी अन्तिम पेजमा...

## हात्तीपाईले रोग विरुद्धको औषधी निर्धक्क भएर खान आग्रह

विराटनगर। जनस्वास्थ्य कार्यालय मोरंगले फागुन ११ गते देखि खुवाउने हात्तीपाईले रोग विरुद्धका औधषी निर्धक्क भएर खान आम जिल्ला वासीहरुलाई आग्रह गरका छन्।

उक्त आग्रह हात्तीपाईले रोग विरुद्ध खुवाउने औषधी र हात्ती पाईले रोगको वारेमा जानकारी दिने उदेश्यले गरेको पत्रकार सम्मेलनमा जनस्वास्थ्य कार्यालय मोरंगका प्रमुख डा. सुरेश मेहताले गरेका थिए।

हात्ती पाईले विरुद्धका औषधी किन खाने त प्रश्नमा अहिले औषधि खायो भने तपाई भित्र हात्तीपाईलेका परजीवीहरु मर्छन पछि हात्तिपार्यले लाग्दैन र हात खुट्टा, स्तन सुनिदैन र तपाईका शरिरमा भएका हात्तीपाइलेको परवीवी तपाईकै घरका अरु सदस्यलाई पनि सर्दैन मेहताका भनाई थियो।

मोरंग जिल्लाभरी ११ लाख २२ हजार ९ सय ५७ व्यक्ति हात्तीपाईले रोग विरुद्धका औषधी खान योग्य रहेको ती मध्ये ८० प्रतिशत अर्थात करीब ८ लाख जनालाई औषधी खुवाउने लक्ष्य लिएको छ।

जिल्ला स्वास्थ्य कार्यालय मोरङले फागुन ११ गतेदेखि जिल्ला भरी हात्तीपाइले रोग विरुद्धको औषधि खुवाउँने कार्यतालिका सार्वजनिक गरेको छ। स्वास्थ्य कार्यालय मोरङका प्रमुख डा. सुरेश मेहत्ताले पत्रकार सम्मेलन गरेर जिल्ला भरीका ११ लाख जनसंख्यामध्ये ८ लाख अर्थात कुल जनसंख्याको ८० प्रतिशत भन्दा बढि नागरिकलाई हात्तीपाइले रोग विरुद्धको औषधि खुवाउने जानकारी गराए।

हात्ती पाईले रोग विरुद्धका औषधी अहिले सम्म ११ पटक खुवाई सकेको छ तर पास भएका छैनौ यस पालि अन्तिम पटक औषधी खुवाउन लागिएको हो त्यसकार ८० प्रतिशत व्यक्तिलाइ औषधी खुवाएर पास हुनु छ यस कार्यलाई सफल वनाउन नागरिक समाज, पत्रकार, राजनीतिक दलका नेता, कार्यकर्ता, पालिकाहरुका जनप्रतिनिधी लगायत सम्पुर्ण स्वास्थ्यकर्मी लगायत आम जनसमुदायलाई मेहताले आग्रह गरका छन्।

हातीपाइले रोग विरुद्धको

वांकी अन्तिम पेजमा...






## महाधिवेशन...

लगायतको खेलहरु प्रदर्शन गरिने खेलकुद महासंघ प्रदेश १ का ईन्चार्ज सन्तोष बान्तवाले जानकारी दिए । जातीय संस्कृति झल्कने भेषभुषा सहितको सन्थाल, चौधरी, धिमाल, उराव, राई (साकेला) नेवार हरुको लाखे लगायत सास्कृतिक झाँकीहरु प्रदर्शन गरिने उनको भनाई छ ।

बन्दसत्रको कार्यक्रम आजै साझ मनासलु पार्टी प्यालेसमा हुने छ । महाधिवेशनमा ७७ जिल्लाका प्रतिनिधि, २८ खेलसंघ प्रतिनिधि, ७ प्रदेश र १ उपत्यका विशेष प्रदेशका प्रतिनिधिहरु सहित ५३० प्रतिनिधि सहभागी हुने भएको छ ।

२९९ केन्द्रीय सदस्य महासंघमा अध्यक्षकोलागि अहिलेसम्म पर्शुराम बस्नेत बाहेक अरुले उम्मेदवारी घोषणा गरिसकेका छैनन् । बन्दसत्रमा राजनैतिक तथा सांगठनिक कायिक विधान लगायत प्रतिवेदनहरु प्रस्तुत गरिने प्रवक्ता तिर्थबहादुर खड्काले जानकारी दिए ।

## हात्तीपाईले...

औषधि कस कसले सेवन गर्नु हुँदैन भन्ने प्रश्नमा दुई वर्ष उमेर नपुगेका बालबालिकाहरु ,गर्भवती र सात दिन सम्मका सुत्केरी तथा सिकिस्त बिरामीहरु (कुनै कडा रोग लागि औषधि सेवन गरिरहेकाहरु, जस्तै क्यान्सर, मुटु रोगी, कलेजो रोगी, फोक्सोको दीर्घ रोगी), छारे रोगीहरु, २४ घण्टाभित्र ज्वरो आएको तथा कडा कुपोषण भएका पाँच वर्ष मुनिका बालबालिकाहरुले औषधी सेवन गर्नु हुँदैन मेहताले बताए ।

हात्तीपाईले रोग विरुद्धका औषधी खुवाउन पालिकाहरुको स्वास्थ्यकर्मी, स्वयमसेविका लगायत करीब २ हजार जनशक्ति परिचालन गर्ने भएको छ । हात्तीपाईले रोग विरुद्धको औषधी फागुन ११ गते बिराटनगरको ट्राफिक चौक एक कार्यक्रमका आयोजना गरी शुरुवात गरिने छ । औषधी खुवाउने कार्यक्रम २ हप्ता सम्म संचालन गर्ने भएको छ ।

## छोराको...

सहयोग उठाएर पीडित दिलचन्दको उपचारमा थौरे भएपनि सहयोग जटाएको चौधरीले बताए ।

ग्रामथान गाउँपालिका वडा नं ४ का वडाअध्यक्ष बद्रिनारायण माझीले उनको बिजोग देखेर थौरे भएपनि सहयोग गर्ने प्रतिबद्धता गर्दै पीडित थानदरको उपचारमा सहयोग गर्न देश विदेशमा रहनु भएका नेपालीहरुमा आग्रह गरेको छन ।

पीडितको घरमा अहिले चुलो समेत बलेको छैन् । पीडित थानदारका हजुरआमा लगायत उनका आफन्तहरु मनकारी सहयोगीहरुलाई घरका देलोमा पर्खीरहेको भेटिन्छ ।

पीडित दिलचन्दको सुविधा सम्पन्न अस्पतालमा उपचार गर्न १० देखि १५ लाख रुपैयाँ खर्च लाग्ने छ । स्किन सम्बन्धी सुविधा सम्पन्न अस्पतालमा उपचार गर्‍यो भने उपचार सम्भव छ एक डाक्टरले बताए ।

तसर्थ उनको परिवारका सबै सदस्यहरुले उपचारमा मनकारी हातहरुलाई सहयोग गरिदिन आग्रह गरका छन् ।

## ब्याडमिन्टन...

२१-१०, २१-१८ ले पराजित गर्दै उपाधि निकट पुगेका हुन् ।

महिला युगलतर्फ एपिएफकी शोभा गौचन र पुलिसकी नीता लम्सालको जोडी फाइनल प्रवेश गरेको छ । आर्मीकी रशिला महर्जन र अमिता गिरीको जोडी तथा आर्मीकी विष्णा विष्ट र कैलालीकी निलिमा महराको टिम खेल खेल्न असमर्थ भए पश्चात शोभा र नीताले स्वतः फाइनल यात्रा तय गरेका थिए । अमिता गिरी र निलिमा महरा खेलका दौरान खुट्टामा चोट लागेपछि खेल खेल्न असमर्थ भएका थिए ।

महिला एकलतर्फकै अर्को खेलमा आर्मीका प्राथना देउवा र अनुमाया राईको जोडी फाइनल प्रवेश गरे । देउवा र राईको जोडीले एपिएफका जेशिका गुरुङ र सुनयना मुखियाको जोडीलाई २१-१९, २२-२० ले पराजित गर्दै उपाधि निकट पुगेका हुन् ।

पुरुष ४५ वर्षमाथि

पुरुष ४५ वर्षमाथिको प्रतिस्पर्धामा काठमाडौंका संजय कपाली र श्याम लामाको जोडीले सुनसरीका भजनलाल चौधरी र इटहरीका सन्त तामाङलाई २१-१५, २१-१५ तथा कास्कीका राजेश गुरुङ र बाँकेका अनिल लाखेले बेलबारीका दीपक आङदम्बे र मोरङका विकास श्रेष्ठको जोडीलाई २१-८, २१-१४ ले पराजित गर्दै फाइनल प्रवेश गरेका हुन् ।

पुरुष ५५ वर्षमाथिको प्रतिस्पर्धामा पाँचथरका रामराज आङदम्बे र संजय भक्तराजको जोडीले जित हात पार्दै फाइनल प्रवेश गरेका छन् । राम र संजयको जोडीले बिबिसीका केशव कार्की र आरके सिंहको जोडीलाई २१-१९, २१-११ ले पराजित गरेका हुन् । अर्को खेलमा कास्कीका रमेश भट्टचन र खोटाङका दीपक राईको जोडीले सुनसरीका गणेश राई र भोजपुरका दानबहादुर तामाङको जोडीलाई २१-१५, १०-२१, २३-२१ ले पराजित गर्दै फाइनल प्रवेश गरेका हुन् ।

प्रतियोगिताको फाइनल खेल बिहान ९ बजे बाट सुरु हुने कार्यक्रम रहेकोछ । पहलो खेल महिला यु-१७ को हुनेछ ।

# नेकपा एसको तीनदिने प्रशिक्षण तालिम शुरु



बिराटनगर । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) प्रदेश नं. १ कमिटीको आयोजनामा शनिबारदेखि मोरङको लेटाङमा तीनदिने आवासीय प्रशिक्षक प्रशिक्षण सुरु भएको छ । पार्टीको आधारभूत तहसम्म प्रशिक्षण प्रदान गर्न प्रशिक्षकहरू तयार गर्ने उद्देश्यका साथ उक्त तालिम सुरु गरिएको प्रदेश नं. १ कमिटी अध्यक्ष बलदेव चौधरीले बताए ।

प्रशिक्षक प्रशिक्षणमा प्रदेश नं. १ का १४ जिल्लाका ६० जना प्रशिक्षार्थी सहभागी रहेका छन् । पार्टीका शीर्षस्थ नेतासहितले तालिम दिने गरी प्रशिक्षक प्रशिक्षणको व्यवस्था मिलाइएका छन् । प्रशिक्षणको आयोजना नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) प्रदेश नं. १ पार्टी स्कूल कमिटीले गरेको छ । । पहिलो दिनको तालिम उद्घाटन कार्यक्रमसँगै पार्टी अध्यक्ष माधवकुमार नेपालले समसामयिक राष्ट्रिय तथा अन्तराष्ट्रिय परिस्थितिका बारे जानकारी गराएका थिए ।

त्यस्तै, पार्टीका सम्मानित नेता झलनाथ खनालले 'पार्टीको मार्गदर्शक सिद्धान्त र अबको बाटो' र महासचिव डा. बेदुराम भुषालले 'संगठनात्मक सिद्धान्त तथा पार्टी अभियान'बारे प्रशिक्षण प्रदान गर्नुभएको छ । तालिम उद्घाटन कार्यक्रममा पार्टीका उपाध्यक्ष तथा प्रदेश नं. १ इन्चार्ज घनेन्द्र बस्नेत, अर्की उपाध्यक्ष जयन्ती राई र प्रदेश नं. १ कमिटी अध्यक्ष बलदेव चौधरीले शुभकामना मन्तव्य राख्नुभएको थियो । उद्घाटन कार्यक्रमको सञ्चालन पार्टी स्कूल कमिटीका हिक्मत बस्नेत र अध्यक्षता धर्मराज निरौलाले गरेका थिए ।

## हार्दिक अनुरोध

- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौ ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख बिरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थलमा फोहर नफालौ । गाउँलाई सफा राखौ ।
- महिला हिंसा अन्त्यका लाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

धनपालथान गाउँपालिकाको कार्यालय,कर्सिया मोरंग, प्रदेश १

## बालविवाह सामाजिक र कानूनी अपराध हो ।

- बीस वर्ष नपुगी विवाह नगरौ र नगराऔं ।
- उमेर नपुगी गरेको विवाह सामाजिक र कानुनी अपराध हो ।
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ ।

नेपाल सरकार विज्ञापन बोर्ड




परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

## सम्पादकीय

# विचौलियाको मरमार उपभोक्ता

*कृषि लगायतका उत्पादनहरु ब्जार सम्म आईपुग्दा अथवा भनौ उपभोक्ताका घर सम्म पुग्दा त्यस वीचमा काम गरी रहको विचौलियाको फाईदा कृषक भन्दा चार गुणा वढी हुन्छ । जसको मारमा उपभोक्ता परेको छ । समान्य भनौ सवको घरमा पाक्न हरिया तरकारी उत्पादकले २० रुपियामा विक्री वितरण गर्छन भने त्यही हरिया साँग सब्जी उपभोक्ताको घर सम्म पुग्दा १ सय रुपिया हुन्छ । जसको मारमा उपभोक्ता र उत्पादक दुवै पर्ने गरका छन् । त्यसको फाईदा विचौलियाले उठाउने गरका छन् । ती विचौलियाहरुले उत्पादक र उपभोक्ता वीच राखेको ठूलो खाडललाई समाप्त गर्न सरकारी निती नियम वनाउन आवश्यक छ ।*

*आम उपभोक्ताले उपभोग गर्ने कृषि उत्पादन लागायत अन्य खाद्य्य बस्तुमा सरकारको नियन्त्रण हुनु पर्छ । तर हाम्रो देशमा ती उत्पादनहरुमा विचौलियाको नियन्त्रण छ । कृषि उत्पाद बजार आउँदा सरकारले नकिनी दिदा वाध्य भएर सस्तो मुल्यमा विचौलियाहरुले ती उत्पादनहरु किन्छन । विचौलियाहरुले आफ्ना मनपर्दी मूल्य तोकेर उपभोक्तासंग लिने गरका छन् । सरकारी संयन्त्र हातमा हात राखेर उपभोक्ता ठगिएको दृष्य हेरी रहन्छ । विचौलियाहरुले एक त उत्पादकलाई ठगी रहेको हुन्छ भने अर्को तिर सरकारलाई पनि ठगेको छ । सरकारले तोकेको मूल्य भन्दा वढीवा विचौलियाले विक्री वितरण गर्दछन । तर सरकारलाई कम मूल्यको विल भरपाई गरी कर बुझाउँछन् ।*

*अहिलेको अवस्था हेर्दा उत्पादक, उपभोक्ता र सरकारलाई प्रत्यक्ष रुपमा ठगी रहने विचौलिया हो । यो विचौलियालाई नियन्त्रण गर्न उत्पादक र उपभोक्ता र सरकार मिलेर समय सापेक्ष उत्पादनको मूल्य तोकेर केही प्रतिशत निश्चित फाईदा राखेर विच्न पाउने निती नियम वनाउन आवश्यक छ । ती निती नियमहरुलाई कडाईका साथ लागू गर्नु पर्छ अनिमात्र उत्पादक, उपभोक्ता र सरकारलाई फाईदा हुन्छ । तसर्थ विचौलियाको विगविगीलाई रोक्न सरकारले आवश्यक कदम चाल्न जरुरी छ ।*

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोरञ्जन र भ्रमणको योग छ ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लागि मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) :**सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

# आर्थिक सामाजिक रूपान्तरणको बहस

**वैकुण्ठ पाण्डे**

देश अहिले गम्भीर आर्थिक मोडमा छ । विदेशी मुद्राको मौज्दात न्यून छ । त्यसकारण तीव्र आयातलाई नियन्त्रण गरेर विदेशी मुद्राको सञ्चितिमा सुधार गर्नका लागि आयातमाथि कोटा प्रणाली लागू गरिएको छ । तर पनि विदेशी मुद्रा सञ्चितिमा आशातित सुधार आउन सकेको छैन । यसैबीच कतै देशले श्रीलङ्काको नियति भोग्नुपर्ने त होइन भन्ने आम शंसय कायमै छ । सम्पत्ति तथा आय असमानता सूचक निकै डरलाग्दो रहेको तथ्य गिनी गुणक तथा पाल्मा रेसियोले देखाएको छ । अक्सफामको सन् २०१९ को प्रतिवेदनअनुसार सहरी क्षेत्रमा माथिल्लो १० प्रतिशत जनसङ्ख्याको नाममा रहेको सम्पत्ति तल्लो ४० प्रतिशत जनताको भन्दा २९ गुणाभन्दा बढी देखिएको छ ।

यसैगरी पहाडमा बसोबास गर्ने जनसङ्ख्यामध्ये माथिल्लो १० प्रतिशत जनताको नाममा रहेको सम्पत्ति तल्लो ४० प्रतिशत जनताको भन्दा ३४ गुणा बढी देखिएको छ । यसै हिसाबले आयमा पनि डरलाग्दो असमानता रहेको कुरा प्रतिवेदनमा उल्लेख छ । विगत १५ वर्षको तथ्याङ्क हेर्दा देशको तल्लो आय भएका ४० प्रतिशत जनसङ्ख्याको कुल आम्दानीको हिस्सा घटेर ११ प्रतिशत नजिक पुगेको छ भने माथिल्लो आम्दानी भएका १० प्रतिशत जनसङ्ख्याको कुल आम्दानी हिस्सा निरन्तर बढिरहेको छ ।

गरिबीको स्थिति पनि विकराल छ । सृष्टिको ताज भनेर चिनिने मानव चोलालाई अभिशप्त पार्ने पक्ष नै गरिबी हो । आम रूपमा गरिबी भन्नाले आय गरिबीलाई चित्रण गरिएको छ । नेपाल सरकारले देशको निरपेक्ष गरिबी घटेर १५ प्रतशत पुगेको बताइरहँदा नेपालको ग्रामीण भेगमा बसोबास गर्ने नागरिकहरूमध्ये २८ प्रतिशत नागरिक बहुआयामिक गरिबीको स्थितिमा रहेका छन् भने सहरी क्षेत्रमा बसोबास गर्ने नागरिकहरू मध्ये १२.३ प्रतिशत नागरिक बहुआयामिक गरिबीको स्थितिमा रहेका छन् ।

अत: औसतमा १७.४ प्रतिशत नेपाली जनता बहुआयामिक गरिबीको स्थितीबाट गुज्रिरहेका छन् । अर्थात करिब ५० लाख नेपाली जनताहरू बहुआयामिक गरिबीको अवस्थामा बाँचिरहेका छन् । यसमा पनि कर्णालीको बहुआयामिक गरिबी ४० प्रतिशत छ भने मधेश प्रदेशमा २४ प्रतिशत रहेको छ । यस प्रकारले बहुआयामिक गरिबीको स्थितिमा सुधार नहुनुको प्रमुख कारकमा बरोजगारी नै हो ।

आर्थिक वर्ष सकिएको आधा समय पूरा भइसक्दा पनि देशको पुँजीगत खर्च १५ प्रतिशत भन्दा कम हुनु देशकै निम्ति लज्जाको विषय हो । यस्तो अवस्थामा कहाँबाट लगानी बढ्नु, कहाँबाट उत्पादन बढ्नु, कहाँबाट रोजगारीका अवसरहरू सिर्जना हुनुअनि कसरी युवाहरूको विदेश पलायन दर घट्नु ? अनि हाम्रो देश रेमिट्यान्स रिपब्लिक नभए के हुन्छ त ?

खुला बेरोजगारी दर ४.४४ प्रतिशत रहेको सरकारी तथ्याङ्कहरूबाट देखिन्छ । सन् २०१७ को तथ्याङ्कअनुसार नेपालमा सक्रिय श्रमशक्ति करिब दुई करोड आठ लाख छन् । जसमध्ये करिब ३८ प्रतिशत श्रमिक मात्र औपचारिक क्षेत्रका उत्पादनमा आबद्ध छन् । बाँकी करिब ६२ प्रतिशत अनौपचारिक क्षेत्रमा कार्यरत छन् । करिब ७१ लाख युवा रोजगार प्राप्त देखिन्छन् भने करिब ९ लाख बेरोजगार देखिन्छन् । यसरी सक्रिय श्रमशक्तिमध्ये ८० लाख युवा औपचारिक क्षेत्रमा श्रमकार्यमा संलग्न देखिन्छन् भने करिब १ करोड २८ लाख नेपालको औपचारिक श्रम बजारमा या वैदेशिक रोजगारीमा गएका देखिन्छन् ।

यसरी स्वदेशमा प्रर्याप्त रोजगारीका अवसर नहुँदा लाखौं युवा विदेशी भूमिमा पसिना बगाउन बाध्य छन् । अहिले पनि करिब ३२ लाख नेपाली वैदेशिक रोजगारीमा रहेको प्रतवेदनले बताउँछ ।

कूल गार्हस्थ्य आम्दानीको हिसाबले विप्रेषण आय कूल गार्हस्थ्य आम्दानीको करिब ३० प्रतिशत हुन आउँछ । यस कारण पनि नेपालको अर्थतन्त्र विप्रेषणमा आधारित अर्थतन्त्र भनिन्छ । म त यस अवस्थालाई रेमिट्यान्स रिपब्लिक भन्न उपयुक्त ठान्छु । जसरी विदेशी मुद्राको प्रमुख स्रोत केरा (बनाना) भएका कारण बेलायतलाई एक समय बनाना रिपब्लिक भनिन्थ्यो त्यसरी नै हाम्रो अर्थतन्त्रको मुटु, रगत, स्वास जेजे भने पनि रेमिट्यान्स नै भएकाले यस्तो अवस्थालाई रेमिट्यान्स रिपब्लिक भन्न सकिन्छ ।

रेमिट्यान्स रिपब्लिक कति खतरनाक हुँदो रहेछ भन्ने कुरा बुझ्न कोभिड माहामारीको बेलाको त्रासदीलाई दृश्यगोचर गरे पुग्छ । जताततै आर्थिक मन्दिको स्थितिका कारण करिब १० लाख युवा विदेशबाट कामविहीन भएर स्वदेश फर्किनु पर्यो । यता देशभित्रको हालत पनि त्यस्तै थियो । स्वदेशी श्रमिकहरू पनि कामविहीन हुनुपरेको थियो ।

यस अवस्थामा समग्र बेरोजगारी उच्च विन्दुमा पुग्न गई कुल प्रभावकारी मागमा ठूलो गिरावट आयो जसको कारण आर्थिक वृद्धि २ प्रतिशतको हाराहारीमा पुग्न गयो । धन्नै हाम्रो अर्थतन्त्रको ठूलो हिस्सा ग्रामीण अर्थतन्त्रले (कृषि)ले धानेको हुनाले धनी राष्ट्रहरूझैं ऋणात्मक आर्थिक वृद्धि तर्फ हुत्तिएनौं । रेमिट्यान्सको भरमा अर्थतन्त्र टिकाइराख्ने गरी आर्थिक नीति बनाउँदा कुनै समय हाम्रो अर्थतन्त्र गर्ल्याम गुर्लुम हुन सक्ने खतरालाई नजर अन्दाज गर्द सकिँदैन ।

राष्ट्रिय ऋणतर्फको तथ्याङ्क पनि उदेक लाग्दो छ । नेपालमा बहुदलीय व्यवस्थाको पुनर्स्थापना हुँदाको बखत कुल वैदेशिक ऋण ४३ अर्ब रूपैयाँ रहेकोमा सन् २०२० मा यो बढेर १७३८ अर्ब रूपैयाँ पुगेको छ । जसमध्ये ९३५ अर्ब रूपैयाँ वैदेशिक ऋण र ८०३ अर्ब रूपैयाँ आन्तरिक ऋण रहेको छ । पछिल्लो ५ वर्षमा राष्ट्र ऋण सरदर २० प्रतिशतले बढेको पाइन्छ ।

सरकारसँग यतिबेला चालूखर्च धान्न मिल्ने गरी राजस्व उठेको छैन । विकास खर्चको निम्ति आन्तरिक तथा बाह्य ऋणको भर पर्नुपर्दछ तर यसरी जोहो गरिएको खर्चसमेत राज्यले गर्न सकिरहेको छैन । आर्थिक वर्ष सकिएको आधा समय पूरा भइसक्दा पनि देशको पुँजीगत खर्च १५ प्रतिशत भन्दा कम हुनु देशकै निम्ति लज्जाको विषय हो । यस्तो अवस्थामा कहाँबाट लगानी बढ्नु, कहाँबाट उत्पादन बढ्नु, कहाँबाट रोजगारीका अवसरहरू सिर्जना हुनुअनि कसरी युवाहरूको विदेश पलायन दर घट्नु ? अनि हाम्रो देश रेमिट्यान्स रिपब्लिक नभए के हुन्छ त ?

**गलत बुझाइ**

आर्थिक विकासका सन्दर्भमा हामीकहाँ धेरै गलत मान्यता जकडिएर बसेका छन् । ती गलत बुझाइ र गलत मान्यतालाई विस्थापन नगरीकन देश आर्थिक विकासका मार्गमा द्रुत गतिमा अगाडि बढ्न सक्दैन ।

पहिलो- विदेशी ऋण प्राप्त गर्नु नै सरकारको सफलता हो भन्ने मान्यता गलत हो । हामीलाई ठूलाठूला प्रोजेक्टहरू आवश्यक पर्दछन् । ती प्रोजेक्ट सम्पन्न गर्न विदेशीको सहयोग पनि अपरिहार्य छ । तर ससर्त ऋण लिएर भए पनि प्रोजेक्ट सञ्चालन गर्नुपर्दछ र त्यो नै सरकारको सफलता हो भन्ने सोच हाम्रो संस्कृतिकै अङ्ग बनेको छ ।

विदेशी ऋण वा अनुदानको प्राप्ति नै सरकारको सफलताको सूचकको रूपमा बुझाउने कोसिस भइरहेको छ । यही गतिमा ऋण लिँदै जाने हो भने अबको २० वर्षमा हामी काहाँ पुग्छौं र हाम्रा भावी पुस्ताले यसको भुक्तानी कसरी गर्लान् भन्ने अलिकति पनि सोच सरकारमा भएको देखिँदैन ।

हामी यसरी ऋण लिइराखेका छौं मानौं हामीले तिर्नै पर्दैन या हाम्रा नाति पुस्ताले तिरिहाल्छन् नि, हामीलाई केको चिन्ता भने जसरी ऋण लिइरहन्छौं । न ऐन छ, न मापदण्ड छ, न सीमा छ न छेकवार छ मनपरी तरिकाले जथाभावी तरिकाले ऋण लिनु हुन्न है सरकार ! सकेसम्म ऋण नलिईकन र नलिई नभए अति कम रकम ऋण लिने र बढीभन्दा बढी आन्तरिक स्रोत परिचालन गरेर राष्ट्र चलाउन सके पो बहादुरी हो । जनताका नाममा ऋणको भार थप्दै गरेर मैले विकास गरेँ भन्नु कति राम्रो काम हो र ? ठूलो आन्तरिक ऋणबाट समाजमा वितरणात्मक न्याय समाप्त हुँदै जान्छ । ब्याजको भुक्तानी बढ्दै जाँदा विपन्न वर्गमा खर्च गरिनुपर्ने रकम सम्पन्न वर्गमा स्थानान्तरण हुने गर्दछ । जसले कालन्तरमा समाजभित्र आर्थिक असमानतालाई ठूलो पार्ने काम गर्दछ । त्यसैगरी विदेशी ऋणको माध्यमबाट निर्माण गरिएका प्रोजेक्टले थप उत्पादन, आय, राजस्व र रोजगारीमा योगदान दिन सकेन भने साँवा ब्याज भुक्तानी शीर्षकमा देशको विनिमय सञ्चिति बाहिरिन पुग्दा हामी ऋणको पासोभित्र फस्न सक्ने खतरा रहिरहन्छ ।

यो खतरा किंवदन्ती मात्र होइन ती देशका जनताको दु:खद भोगाइ हो भन्ने कुरा ग्रिस र श्रीलङ्काको आर्थिक सङ्कटबाट बुझ्न गाह्रो छैन । प्रत्येक वर्ष कुल बजेटको ११, १२ प्रतिशत रकम हामीले विगतमा लिएको ऋणको साँवा ब्याजको भुक्तानीमा जान्छ । गरिबी निवारण र सामाजिक न्यायमा खर्चिनुपर्ने रकम अनुत्पादक परियोजनाहरूको नाममा यसरी भुक्तानी गर्नुपर्दा पक्कै पनि मन कटक्क हुनुपर्ने हो । चुनावका बेला नेताज्यूहरूले बाँड्ने सपना अब फगत चुनावी स्टन्ट हुनुहुँदैन है !

दोस्रो- प्रत्येक चुनावपछि निर्वाचित संवैधानिक अङ्गका पदाधिकारीहरू, सङ्घीय सरकार तथा प्रदेश सरकारका प्रमुखहरू तथा मन्त्रीहरूलगायत विभिन्न सङ्घ संस्थाका नाममा खरिद गरिने महँगा गाडीहरू र तीनको नाममा गरिने जीवन पर्यन्त राजकीय खर्च आवश्यक छैन । सुविधा कम छ भन्ने लाग्छ भने केही सुविधा नलिईकन नि:स्वार्थ रूपमा राष्ट्रको सेवा गर्न तयार हजारौं नेपाली तयार छन् । एक पटक उच्च पदमा पुगेपछि आजीवन सेवा दिई राख्नुपर्छ वा पाइराख्नुपर्दछ भन्ने मान्यता त्यागनै पर्दछ । यो गरिब मुलुकले यति धेरै आर्थिक बोझ थामिराख्न सक्दैन ।

प्रत्येक वर्ष कुल बजेटको ११/१२ प्रतिशत रकम हामीले विगतमा लिएको ऋणको साँवा ब्याजको भुक्तानीमा जान्छ । गरिबी निवारण र सामाजिक न्यायमा खर्चिनुपर्ने रकम अनुत्पादक परियोजनाहरूको नाममा यसरी भुक्तानी गर्नुपर्दा पक्कै पनि मन कटक्क हुनुपर्ने हो । चुनावका बेला नेताज्यूहरूले बाँड्ने सपना अब फगत चुनावी स्टन्ट हुनुहुँदैन ।

तेस्रो- देशका भन्सार कार्यालय, सिंहदरबार, प्रहरी कार्यालय वा अन्य सरकारी कार्यालयमा थानका थान गाडी कुहिएर बसेका छन् । के देशको कानुनले तिनलाई लिलाम गरेर वा अन्य सर्वमान्य उपायद्वारा किनारा लगाउने प्रबन्ध गरेको छैन ? छ भने कसले रोकेको छ ? यसरी थन्क्याएर राख्दा कसलाई फाइदा हुन्छ र बिक्री गर्दा कसको टाउको दुख्छ ? यो बहसको विषय होइन र ? अनावश्यक रूपमा जमिन चर्चेर राखिएको सामग्रीहरूले वातावरण मात्र प्रदूषण गरेका छैनन्, सरकारको अर्बौं राजस्वसमेत रोकिएको छ । यसले गर्दा ती साधनहरू आयात गर्नुपर्ने बाध्यता निर्माण गरिएको छ ।

चौथो- हामी तराईका ठूलाठूला वन वा भित्री मधेश या पहाडी क्षेत्रमा पालिएका वन क्षेत्र अवलोकन गर्यौं भने निकै उदेकलाग्दो दृश्य देख्न सक्छौं । वर्षौंदेखि लडेर बसेका भयानक रुखहरू कुहिने अवस्थामा छन् । यता मुलुकमा इन्धन सङ्कट छ, जाडोले मानिस कठ्याग्रिएर मरेका छन् तर सरकारले के त्यस्तो कानुन ल्यायो जसलाई जनहित र राष्ट्रहितमा परिचालन गर्न रोकलगाउँछ । कानुमा समस्या हो भने कानुन बदल्नु पर्यो होइन भने कसले किन र कसरी त्यस्तो गर्ने हिम्मत गर्छ । जसको कारण बर्सेनि अर्बौंको काठ वा फर्निचर आयात गरी विदेशी सञ्चितिबाहिर पठाउँदछौं ? वैज्ञानिक रूपले वनको संरक्षण र वनपैदावारको प्रयोगमा कहीँ कतैबाट अवरोध हुनुपर्दछ जस्तो त लाग्दैन ।

पाँचौं- गैरकानुनी रूपमा सञ्चालनमा आएका उद्योगहरू चाहे क्रसर हुन् वा चिया पसल, सहकारी संस्था हुन् वा शैक्षिक संस्था, ग्यारेज हुन् वा राइस मिल, चाहे जुन सुकै उद्देश्यबाट खुलेका किन नहुन् सबै राज्यले तोकेको मापदण्डबमोजिम दर्ता नवीकरण हुनै पर्दछ । यसले जनताप्रति ती संस्थाको जवाफदेहिता पनि प्रष्टिन्छ र सरकार पनि नियमन र अनुगमनको प्रक्रियाबाट जनउत्तरदायी भूमिकामा बाँधिन कर लाग्छ । कानुन मिच्नु नै ठूलो बन्नु हो भन्ने गलत मानसिकताले गर्दा देशमा अनौपचारिक क्षेत्रको गतिविधि अझ पनि उल्लेख्य मात्रामा रहेको छ ।

अर्को निकै संवेदनशील पक्ष छ जुन नेपाली समाजको मूल चरित्र बनिसकेको छ तर यसले नेपालको आर्थिक विकासमा कतिसम्म प्रभाव वा असर पार्छ भन्ने कुरामा पनि केही बहस चलाउनुपर्ने आवश्यकता देखिएको छ । त्यो हो ज्येष्ठ नागरिक भत्ता ।

ज्येष्ठ नागरिक, एकल महिला, शारीरिक अपाङ्गता, दुर्गम क्षेत्र तथा बेरोजगार नागरिकहरूलाई राज्यले हेर्नुपर्छ । गक्षअनुसार सहयोग गर्नुपर्छ । यसमा कसैको पनि विमति हुन सक्दैन । तर कस्तो मापदण्ड बनाएर सहयोग गर्ने भन्नेमा धेरैको विमति हुन सक्छ । उल्लेखित भत्ता तथा सहयोगलाई अर्थशास्त्रको भाषामा ट्रान्सफर भनिन्छ । ट्रान्सफरले समाजमा सामाजिक न्याय रहेको आधार स्थापित गर्दछ । समाजमा असमानतालाई कम गरेर बस्नेलायक वातावरण निर्माण गरिदिन्छ । तर यस्ता ट्रान्सफर वितरण गर्ने वैज्ञानिक मापदण्ड निर्माण गरिनुपर्दछ ।

खास गरेर ज्येष्ठ नागरिक भत्ताको

वांकी अन्तिम पेजमा...

## जतुवा नहरवाट विभिन्न प्रकारको अवैद्ध रडिमेट कपडा बरामद

विराटनगर । मोरङको बिराटनगर महानगरपालिका-१३ जतुवा नहर स्थितबाट विभिन्न प्रकारको अवैध रेडिमेट कपडा लगायतका सामान सहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा बर्जु गााउपालिका-३ सुनसरीका ४१ बर्षीय प्रेम गुरुङ रहेको छ ।

ईलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले को २ ह १६३६ नम्बरको अटोलाई चेकजााच गर्ने क्रममा भन्सार छली भारतबाट नेपाल तर्फ ल्याउादै गरेको अन्दाजी ५ लाख ३३ हजार ५ सय बराबरको बिभिन्न प्रकारको रेडिमेड कपडा बरामद गरेको हो ।

बरामद भएका सामान, अटो र पक्राउ गरेको गुरुङलाई आवश्यक कारवाहीको लागि भन्सार कार्यालय रानीमा बुझाईएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

## चिया क्षेत्रका समस्याहरुको दिगो समाधानका लागि ७ बुद्धे घोषणापत्र

विराटनगर । 'चिया क्षेत्रका समस्याहरुको दीगो समाधानमा प्रदेश सरकारको भूमिका र जिम्मेवारी' विषयक प्रदेशस्तरीय संवाद कार्यक्रम ७ बुद्धे प्रतिवद्धता सार्वजनिधक गर्दे सम्पन्न भएको छ ।

प्रदेश न. १ को मुख्य खेतीको रुपमा रहेको चिया क्षेत्रमा लामो समयदेखि विद्यमान श्रमिक, किसान तथा सहकारी, उत्पादकसँग सरोकार राख्नेसहित समग्र समस्याको दीगो समाधानका लागि सो प्रतिवद्धता सार्वजनिक गरिएका हो ।

उक्त अन्तरक्रियाका प्रमुख अतिथी उद्योग, कृषि तथा सहकारी मन्दालय प्रदेश १ का माननीय मन्त्री भक्ति प्रसाद सिटौलाले भने चिया क्षेत्रमा देखिएका समस्याहरुलाई समाधान गर्न र प्रदेश १ लाई चिया विशेष क्षेत्र घोषणा गर्न, चिया प्रशोद्धन गर्न प्रदेशमा चिया निती निर्माण गर्न तत्काल पहल गर्ने वताए ।

उक्त अन्तरक्रियामा डेढ जर्दन भन्दा वढी संघ, संस्था, संगठन लगायत सरकारी कार्यालयको प्रतिनिधीहरुका सहभागिता रहका थिए ।

प्रदेशस्तरीय संवादमा सहभागी प्रदेश सरकारका प्रतिनिधि सहित सरोकारवालाहमरुले सार्वजनिक गरिएको ७ ब्द्धे प्रतिवद्धताहरु

१. वार्षिक अबौं रुपैयाँ विदेशी मुद्रा आर्जन गर्ने यस क्षेत्रको मुख्य नगदेवाली प्रवर्द्धन, विकास र विस्तारका लागि प्राथमिकता दिन प्रदेश सरकारमार्फत प्रदेश नं. १ लाई चिया विशेष क्षेत्र घोषणाको पहल गर्ने ।

१२. चिया क्षेत्रका समग्र समस्या सम्बोधन गर्न प्रदेशमा चिया नीति निर्माण गर्ने र तत्काल पहल थाल्ने ।

३. चिया निर्यातमा भारतीय अवरोध हटाउन तत्काल संघीय सरकारसँग समन्वय गरी कुटनीतिक पहल गर्ने ।

४. श्रम ऐन र योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन सरकारी(निजी चिया क्षेत्रमा कार्यान्वयन गर्ने गराउने ।

५. यस प्रदेशमा चियाको गुणस्तर परीक्षण गर्ने ल्याब स्थापना र कार्यान्वयनमा ल्याउने ।

६. आवश्यकता बमोजिम यसै प्रदेशमा (प्रदेश नं. १ ) चिया विकास बोर्ड स्थापनाको पहल गर्ने ।

७. चिया अक्सन बजारको व्यवस्था गर्न प्रदेश सरकारमार्फत तत्काल पहल थाल्ने ।

**छोरा छोरीमा भेदभाव नगरौं र छोरा छोरी दुवैलाई अनिवार्य विद्यालय पठाऔं ।**

## १४ बुद्धे घोषणापत्र जारी गर्दै प्रदेश १ को प्रादेशिक लघुवित्त सदस्य सम्मेलन सम्पन्न



प्रदेश १ को प्रादेशिक लघुवित्त सदस्य सम्मेलनमा प्रमुख अतिथी, विशिष्ठ अतिथी र अतिथी लगिायत सहभागीहरु ।

विराटनगर । प्रदेश १ को राजधानी विराटनगरमा १४ बुद्वे घोषणापत्र जारी गर्दै आईतवार प्रदेश १ को प्रादेशिक लघुवित्त सदस्य सम्मेलन सम्पन्न भएको छ ।

प्रतिनिधि, लघुवित्त अभियान्ता, लघुवित्त विज्ञहरु, लघुवित्तकर्मी, लघुवित्तका सदस्य तथा अन्य सारेकारवालाहरुको अनुभव, सुझाव, विचार तथा धारणाहरु समेटेर घोषणापत्र जारी गरीएको थियो ।

समापन समारोहका विशिष्ठ अतिथी माननीय योगेन्द्र मण्डलले भने लघुवित्त संचालक र लघुवित्तका सदस्यहरु एउटा परिवार भएको नाताले परिवार भित्र कहिले काही समान्य मतभेद हुन्छ त्यही मतभेदका कारण वजारमा लघुवित्तको वारेमा नाकारात्म प्रचारवाजी भई रहको छ ।

त्यस्तो नकारात्म प्रचारवाची पार्टीहरुवाट भगाइएका वा भागेका केही नेताहरुले गरी व्यक्तिगत फाईदा लिन लघुवित्तका सदस्यहरुलाई उचालेर विराधको कार्यक्रम गर्न लागेका वताउदै त्यसको पछि नलाग्न मण्डलले आग्रह गरे ।

लुघुवित्तमा २८ लाख सदस्य देखेर कही नेताहरुले त ती मध्ये १४ लाख मात्रै पक्षमा आए सजिलै राष्ट्रपार्टी वन्न सक्ने समेत चाहना राखेको खुलासा गर्दै त्यसलाई चिरनको लागि संचालक र सदस्य बीच केही सुधारको आवश्यकता रहको वताए ।

लघुवित्त संस्थामा आवद्ध सदस्यहरुको स्तरउन्नती गर्ने खालको योजना तयगर्ने सुझाव दिदै लघुवित्त संस्थाहरु मिलेर गरिबी हटाउने योजनालाई कार्यन्वयनमा ल्याउन र एक समूहमा एक जनालाई लघु उद्यम वनाउन लघुवित्त कर्मीहरुलाई मण्डलले आग्रह गरेका थिए ।

प्रादेशिक लघुवित्त सदस्य सम्मेलन लघुवित्तको क्षेत्रमा विकास प्रवद्धनलगायत गरिब वर्ग पनि ऋृण लगानी गर्न योग्य छ, भन्ने मान्यतालाई स्थापित गर्न घोषण-पत्र जारीगरेको छ ।

प्रदेश नं: १ मा रहेका लघुवित्त संस्था र तिनवटा सहकारी संस्थाहरुका प्रतिनिधि मुलक ५ सय भन्दा बढी सहभागीता रहेको आयोजकले जनाएको छ । घर-घरमा उद्यम फैलाऊ, गरिबीलाई शुन्य बनाऊ भन्ने प्रथम प्रादेशिक लघुवित्त सदस्य सम्मेलनले प्राथमिकतामा राखिएको छ ।

प्रथम प्रादेशिक लघुवित्त सदस्य सम्मेलनले लघुवित्त विपन्नको सहारा तथा दु:खीबाट सुखी बनाउने, ग्राहक सदस्यहरुलाई उद्यमी तथा उद्यमशिलता बृद्धि गर्न संस्थाहरुले स्पष्ट कार्ययोजना बनाई ठोस कार्यक्रम लागु गर्ने, लघुवित्तका सदस्यहरुलाई ऋृणको अति भारबाट जोगाउन कर्जाको आकारमा संस्था र सदस्य दुवै सजग भएर अघि बढ्ने, हरेक लघुवित्त तथा सहकारी संस्थाका कर्मचारीले सदस्यहरुसंगको भेटघाट बढाउने र नियमित अन्तर्रक्रिया गर्ने, सदस्यहरुले कर्जाको सदुपयोग गर्ने र संस्थाले सदुपयोगिताको जाँचमा प्राथमिकता दिने भएको छ ।

सम्मेलनको आवसरमा प्रमुख अतिथी, अतिथीहरु लगायत बैकका प्रतिनिधी, लघुवित्तका प्रतिनिधीहरुलाई मायाका चिनो प्रदान गरिएको थियो । उक्र प्रथम प्रादेशिक लघुवित्त सदस्य समितिको प्रदेश नं: १ का संयोजक संजयकुमार मण्डलको अध्यक्षतामा प्रथम प्रादेशिक लघुवित्त सदस्य सम्मेलन सम्पन्न भएको थियो ।

प्रदेश १ को प्रथम प्रादेशिक लघुवित्त सदस्य सम्मेलनले जारी गरको घोषणापत्र

१ "घरघरमा उद्यम फैलाऊ, गरिवीलाई शुन्य बनाऊ' भन्ने प्रथम प्रादेशिक लघुवित्त सदस्य सम्मेलनको नारालाई मुर्तरुप दिन लघुवित्त तथा सहकारी संस्थाका सदस्यहरुले आ-आफ्नो क्षेत्रमा उद्यमशिलता अभिवृद्धि गर्न अभियान्ताको रुपमा कार्य गर्ने ।

२. लघुवित्त विपन्नको सहारा तथा दु:खीवाट सु:खी बनाउने भएकोले यसका कमी कमजोरीलाई सुधार गरी संस्थाहरुको संरक्षण गर्ने

३. ग्राहक सदस्यलाई उद्यमी तथा उद्यमशलिता बृद्धि गर्न संस्थाहरुले स्पष्ट कार्ययोजना बनाई ठोस कार्यक्रम ल्याई लागु गर्ने ।

४.लघुवित्तका सदस्यहरु लाई ऋृणको अति भारबाट जोगाउन कर्जाको आकारमा संस्था र सदस्य दुवै सजग भएर अघि वढ्ने ।

५. हरेक लघुवित्त तथा सहकारी संस्थाका कर्मचारीले सदस्यहरुसंगको भेटघाट बढाउने र नियमित अन्तरकृया गर्ने साथै हरेक संस्थाले फिल्डमा काम गर्ने आफ्ना कर्मचारीको मनोवल उच्च राख्न असल कर्मचारीलाई वार्षिक रुपमा पुरस्कृत गर्ने व्यवस्था गर्ने ।

६. सदस्यहरुको समस्या गुनासो सुनुवाई इकाई स्थापना गरी प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउने । ७. हरेक लघुवित्त तथा सहकारी संस्थाका कर्मचारीहरुले सदस्यहरुसंग असल व्यवहार गर्ने ।

८. सदस्यको छोरा छोरीहरुलाई बैदेशिक रोजगारीमा जानु भन्दा स्वदेशमा स्वरोजगार बन्न अभिप्रेरित गर्ने ।

९. सदस्यहरुलाई वित्तीय सेवाको अलवा वित्तीय साक्षरता र सीप विकास तालिम प्रदान गरी सक्षम बनाउने । १० सदस्यहरुले कर्जाको सदुपयोग गर्ने र संस्थाले सदुपयोगिताको जाँचमा प्राथमिकता दिने ।

११. संस्थाले सदस्यहरुलाई वित्तीय सूचना नियमित रुपमा प्रदान गराउने र सदस्यले लिएको कर्जा समयमा नै तिरी असल ऋृणी वन्ने ।

१२. लघुवित्तको मर्म अनुसार ग्राहक सदस्यहरुले सानो कर्जाबाट व्यवसाय प्रारम्भ गर्ने र अनुभव प्राप्त गरेपछि कर्जाको आकार बढाउदै लाने ।

१३ ग्राहक सदस्यहरुले एउटै व्यवसायमा सिमित नभईकन बहु व्यवसाय गरी आम्दानीको श्रोत बढाउने १४. सदस्यहरुले नियमित वचतवाट पुँजी निर्माण गरी आर्थिक रुपमा सक्षम बन्ने ।


## हार्दिक अनुरोध

- सार्वजनिक स्थळमा छाडा चौपाया नछाडौ ।
- बाळश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसळ व्यवसाय संचाळन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थळमा फोहर नफाळौ । गाउँळाई सफा राखौ ।
- महिळा हिंसा अन्त्यका ळाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुळाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

जहदा गाउँपालिकाको कार्यालय मझारे, मोरंग, प्रदेश १


## प्रसुति सेवासँगै आमा, बच्चालाई कपडा र प्रोत्साहन भत्ता

धनकुटा, फागुन १ गते । धनकुटा नगरपालिका-२ स्थित भीरगाउँ स्वास्थ्य चौकीमा प्रसूति सेवा सुरु भएको छ ।

पुस २७ गतेबाट सेवा सुरु गरिएको स्वास्थ्य चौकीमा हालसम्म गाउँका दुई जना गर्भवती महिलाले बच्चा जन्माइसकेका छन् । स्वास्थ्य चौकीमा प्रसूति गराउँनेहरुलाई यातायात खर्च वापत दुई हजार रुपैयाँ, नियमित प्रसूति जाँच प्रोत्साहन स्वरुप आठ सय रुपैयाँसहित आमालाई एक सेट र बच्चालाई दुई सेट कपडा पनि उपलब्ध गराउँने गरिएको स्वास्थ्य चौकी प्रमुख नितेश श्रेष्ठले जानकारी दिए ।

भीरगाउँबासीलाई गाउँमै सुरक्षित प्रसूति सेवा उपलब्ध गराउँन धनकुटा नगरपालिकाले स्वास्थ्य चौकीमा 'वर्थिङ सेन्टर' सञ्चालन गर्ने व्यवस्था मिलाएको हो ।

यसअघि सो स्वास्थ्य चौकीमा एक हेल्थ असिस्टेन्ट, दुई अनमी र एक अहेब थिए । धनकुटा नगरपालिकाले आन्तरिक स्रोतबाट सेवा सुविधा उपलब्ध गराउँने गरी एक जना प्रसूति गराउँन दक्ष अनमी थप गरेर प्रसूति सेवा सुरु गराएको हो ।

प्रसूति गराउँन धनकुटा अस्पताल धाउने गरेका भीरगाउँवासीलाई गाउँमै सेवा उपलब्ध गराउँन स्वास्थ्य चौकीमा कर्मचारी थप गरेर वर्थिङ सेन्टर सञ्चालन गरिएको धनकुटा नगरपालिकाका प्रमुख चिन्तन तामाङले बताए । 'नगरपालिकाकै आन्तरिक स्रोतबाट सेवा सुविधा उपलब्ध गराउँने गरी एसबीए तालिम प्राप्त दक्ष अनमी थप गरेर वर्थिङ सेन्टर सञ्चालन गरेका छौं,' नगर प्रमुख तामाङले भने, 'वर्थिङ सेन्टर सुरु भएपछि भीरगाउँ स्वास्थ्य चौकीमै डेलिभरी हुन थालेको छ, यसले भीर गाउँ बासीलाई निकै सजिलो भएको छ ।'

अहिले स्वास्थ्य चौकीबाट गर्भावस्थामा गर्नुपर्ने नियमित गर्भजाँच र २४ सै घण्टा प्रसूति सेवा प्रदान गर्ने गरिएको छ । गाउँमै प्रसूति सेवा सुरु भएपछि भीरगाउँबासी हर्षित छन् । स्वास्थ्य चौकीमा प्रसूति गराएकी स्थानीय मन्दिरा भुजेलले गाउँमै प्रसूति सेवा पाउँदा धेरै सजिलो भएको प्रतिक्रिया दिइन् ।

योसँगै धनकुटा नगरपालिकामा जिल्ला अस्पताल बाहेक दुई वटा वर्थिङ सेन्टर भएका छन् । बेलहारा स्वास्थ्य चौकीमा पनि वर्थिङ सेन्टर सञ्चालन गरेर सेवा प्रदान गरिदै आएको छ । धनकुटा नगरपालिकाका सबै वडामा सहरी स्वास्थ्य क्लिनिक खोल्ने तयारी पनि भइरहेको नगरपालिकाको स्वास्थ्य उपशाखाका प्रमुख भोजराज भण्डारीले जानकारी दिए ।



# लागुऔषधी बोकेको पिकप भेन सहित एक जना पक्राउ

विराटनगर । धनकुटाको सहिदभूमि गााउपालिका-४ हिले-छिन्ताङ कच्ची सडक खण्ड स्थितबाट प्रतिबन्धित लागुऔषध गााजा बोकेको पिकअप गाडी सहित चालकलाई प्रहरीले पक्राउ गरेको छ ।

गत माघ २८ गते इलाका प्रहरी कार्यालय छिन्ताङबाट खटिएको प्रहरी गस्ती टोलीले छिन्ताङबाट हिले तर्फ जादै गरेको को. १ ज ३११८ नम्बरको पिकअप गाडीलाई चेकजााचको क्रममा डाला भित्र ४ सय किलोग्राम (१५ बोरा) गााजा बरामद गरेको थियो ।

उक्त गाडी प्रहरीले रोक्न खोज्दा नरोकी केही पर गाडी छाडी चालक फरार भएका थिए । गाडीबाट लागुऔषध गााजा बरामद भए पश्चात फरार रहेका चालकको खोजतलास तथा अनुसन्धानको क्रममा फाल्गुन ३ गते सुनसरीको इटहरी-२ स्थितमा लुकिछिपी बसेको अवस्थामा चालक सहिदभूमी गााउपालिका-४ का ३१ बर्षीय किरण राईलाई प्रहरीले पक्राउ गरेको थियो ।

पक्राउ परेका राईलाई सम्मानित धनकुटा जिल्ला अदालतबाट म्याद थप गरी घटना सम्बन्धमा थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय धनकुटाले जनाएको छ ।

# कृषि उत्पादनलाई बजारीकरण गर्न ठूलो डटकमको सेवा विराटनगरमा

विराटनगर । कृषि उत्पादन लाई बजारीकरण गर्नको लागि ठूलो डटकमले आफ्नो सेवा प्रदेश १ को विराटनगरमा शुरु गरका छन् ।

विराटनगरमा एक कार्यक्रमको आयोजना गरि ठुलो डटकमले प्रदेश १ मा औपचारिक रुपमा ब्यापार शुरु गरेको जनाएका छन् । कम्पनीका सिओओ फाउण्डर सुरक्षा अधिकारीले ठुलो डटकम (ईकमर्श टेक्नोलोजी) विद्युतिय व्यापार प्रविधि कम्पनी भएको जानकारी दिईन् ।

उनले भनीन इतिहास बोकेको ठुलो डटकम २००५ साल देखि नै शुरु भएको र सन् २०१६ बाट देशभरी नै निरन्तर रुपमा साना मझौला तथा ठुला उद्योग ब्यवसायहरुलाई सुचना प्रविधिसँग आबद्ध गराउने काम गरेको सुनाईन् । 'निरन्तररुपमा देशभरिका साना, मध्यौला तथा ठुला उद्योग व्यवसायहरुलाई सूचना प्रविधिसंग आबद्ध गराई रहेका छौं, उनले भनिन्, डिजिटल प्रविधिको माध्यमद्वारा ति व्यवसायहरुको व्यावसायिकरण, बजारीकरण र सबलिकरणमा ठुलो डटकमले टेवा पुर्याउँदै आएको छ ।'

ठुलो डटकमको प्रधान कार्यालय बागमती प्रदेशको ललितपुर जिल्लामा रहेको भएपनि यस वर्षदेखि नेपाल घरेलु तथा साना उद्योग महासंघ प्रदेश न १, प्रदेश लघु उद्यम महासंघ नेपाल लगायत अन्य संघ संस्थाको सहकार्यमा प्रदेश न १ मा डिजिटल साक्षरता तथा इ-कमर्स सम्बन्धि कार्यक्रमहरु शुरु गरेको हो ।

प्रदेश न १ भित्र विशेषगरि विराटनगर, झापा, इटहरी, उदयपुर, धनकुटा, तेरथुम र पथरीमा डिजिटल साक्षरता तथा इ-कमर्स सम्बन्धि तालिम संचालन गरेको प्रमुख कार्यकारी निर्देशक राजाराम नेपालले जानकारी दिए ।

महानगरपालिका, उप महानगरपालिका, नगरपालिका लगायत अरु ठाउंका पनि उद्यमीहरुलाई ठुलो डटकम ईकमर्श प्लाटफर्ममा अनलाईन पसल खोलेर समान बिक्रि तथा वितरण गर्ने सेवा प्रदान गरिएको छ, उनले भने, उद्यमीहरुको व्यवसायको ब्राण्डिङमा पनि सेवा प्रदान गर्दै आएको छ ।' करिब छ महिनाको समयमा १ हजार २ सय भन्दा बडी उद्यमी तथा व्यावसायिहरुलाइ डिजिटल रूपान्तरण गर्न सफल भएको दाबी कम्पनीको छ । विशेषगरि महिला उद्यमीलाई प्रथामिकमताका साथ सेवा दिदै आएकोल यसलार्य निरन्तरता दिईने जनाईएको छ ।

विराटनगर महानगर पालिकाका मेयर नागेश कोईरालाले उद्यमशिलताको विकासको लागि महानगरलागिरहेको बताए । डिजिटल ब्यवसायको लागि अहिले ब्यवसाय प्रवर्द्धनका लागि धैरे राम्रो कामहरु भईरहेको बताए । विराटनगर महानगरपालिकाकी उपप्रमुख शिल्पा निराला कार्कीले महिला उद्यमीलाई लक्षित गरि चलाईएको अभियानले घरमै बसेर पनि ब्यवसाय गर्न सकिन्छ भन्ने सन्देश ठुलो डटकम मार्फत लिन सकिने बताईन् ।

नेपाल घरेलु तथा साना उद्यम महासंघ प्रदेश १ का अध्यक्ष अञ्जु उपाध्ययले जमाना अनुसारको कामलाई प्रभावकारी बनाउने काम अनलाईन ब्यापारबाट हुने बताईन् । अर्थशास्त्री डा भेषप्रसाद धमलाले ठुलो डटकम युवाहरु माझ नयाँ ईनोभेसनको रुपमा आएको बताए ।




# मीरगञ्ज पुलबाट मालवाहक गाडी आवत-जावतको लागि कष्टमले दियो अनुमती

विराटनगर । चारलेन सडक सहित मीरगञ्जको परमाननदी माथि पक्की मोटरेबल पुल बनेपछि भारतीयपक्षले एक बर्ष पछि आधिकारिक रुपमा शुक्रबार सुचना जारी गर्दै पुलबाट मालवाहक गाडी आवतजावत गर्न अनुमति दिएको छ ।

मोरंग ब्यापार संघको पहलमा दुवै देशका नेता तथा अधिकारीलाई पुल संचालन गर्न दिइएको दवावको कारण दुई महिना अघिबाट नै पुल अनौपचारिक रुपमा संचालनमा आएको थियो ।

अनुमति दिएसंग भारत लगायत तेश्रो मुलुकबाट आउने कच्चापदार्थ लगायतको सामाग्री बोकेका मालवाहक गाडी ११६ किलोमिटर सुनसरीको भण्टावारी नाकाबाट घुमेर आउनु पर्ने झन्झटबाट मुक्तभएका छन् । अब ४ किलोमिटर दुरी पार गर्नासाथ नेपालको आइसीपी आइ पुग्छन ।

भारतको पटना स्थित कष्टम विभागले सुचनाजारी गरी नयाँ मीरगञ्जपुल संचालनमा आएको र त्यसबाट मालवाहक गाडी आवतजावत गर्ने अनुमति दिइए को जनाएको छ । यस अघि भारतको जोगवनी स्थित ल्याण्ड कष्टम र आइसीपी बिच समन्वय हुन नसक्दा आंशिक रुपमा मात्रै माल सामानको कार्गो आयात-निर्यात भइरहेको थियो । कष्टम विभागले नै सुचनाजारी गरेपछि अब तेश्रो मुलुकबाट आउने र जाने सामानका लागि भण्टावारी नाका पुग्नु नपर्नै जनाउदै आफ्ना मातहतका


मोरंग ब्यापार संघको अध्यक्ष नवीन रिजाल

सबै निकायलाई बोधार्थ दिँदै सुचनालाई तत्काल कार्यान्वयन गराउन निर्देशन दिएको छ । सूचनासंगै विराटनगर को आइसीपीबाटै आयात र निर्यात औपचारिक सुरु भएको छ ।

मोरंग व्यापार संघका अध्यक्ष नवीन रिजालको अगुवाईमा पटक पटक नेपाल र भारतीय अधिकारीलाई पुल संचालनका लागि अनुरोध गरिएपछि अनौपचारिक रुपमा दुई महिनादेखी पुल संचालनमा आएको थियो । पुल संचालनमा आएपनि भारत र नेपालका लागि मात्र कार्गो आउने जाने गर्दथे । तेश्रो मुलुकबाट आउने सामानको हकमा सुनसरीको भण्टावारी नाकानै प्रयोग हुँदै आएको थियो । तर अहिले भारतको कमिस्नर अफ कष्टम पटनाका अधिकारी प्रदीपकुमारले सूचना जारी गर्दै मीर गञ्जपुल हुँदै आवतजावत खुलेको जनाएको थियो ।

अघिको २०२२ जनवरी ११ को सूचनाले जारी गरी मीरगञ्ज पुल भासिएकाले सम्पूर्ण कार्गोको आवतजावत यो नाकाबाट बन्द गरी भीमनगर नाकाबाट सुचारु गरिएको सुचना जारी गरेको थियो । अहिले उक्त सुचनाले रोकेको आवतजावतको प्रतिबन्ध फुकुवा गर्दै भीमनगर तर्फको रिरुट खारेज गरि पुल निर्माण सम्पन्न भएकाले पहिलेकै अवस्थामा जोगवनी भन्सार र आइसीपीबाट माल आवतजावतका लागि खुल्ला गरीएको सबैलाई जानकारी दिइएको जनाएका छन् ।

एक बर्षपछि भारतको जोगवनी नाकाबाट चार किलोमिटर नजिक रहेको मीरगञ्जपुल संचालनमा आएको छ । पुल पूर्ण रुपमा संचालनमा आएपछि अहिले दैनिक दुई सय सम्ममालवाहक सवारी साधान भारतीय कष्टम हुँदै विराटनगर आइसीपीमा आइरहेको विराटनगर भन्सार कार्यालयले जनाएको छ । एउटा मालवाहक सवारी भीमनगर हुँदै ११६ किलोमिटर घुमेर आउँदा १६ हजार रुपैयाँ अतिरिक्त भाडा तिर्नु परिरहेको थियो । मीरगञ्जपुल भासिँदा एक बर्षमा २२ अर्ब ५० करोडले विराटनगर भन्सारबाट हुने कारोबारमा गिरावट आएको थियो ।

जोगवनी नाकाबाट माल वाहक जान नसकेपछि सुनसरीको भण्टावारी नाकाबाट रिरुट भएर आउँदा एउटा कण्टेनरको १६ हजार अतिरिक्त ढुवानी भाडा व्यवसायीले बुझाउँदै आएका थिए । जसको कारण एक बर्षमा व्यवसायी हरुले ११ करोड ५२ लाखको बराबरको अतिरिक्त ढुवानी भाडा तिरेका छन् ।

मोरंग व्यापार संघमा निर्वाचित भएपछि आफूले मीरगञ्जपुल संचालन गराएर नै छाड्ने प्रतिबद्धता लिएका रिजालले आफ्नो कार्य समितिको सम्पूर्ण टिमनै पुल संचालन गर्नका लागि परिचालन गरेका थिए ।

भारतीय पक्षबाट समेत आधिकारिक रुपमा पुलसंगै नाकापनि संचालनमा आएको जानकारी दिएपछि हर्षित देखिएका रिजालले 'यो सबैको अथक प्रयासको परिणाम भएको'प्रतिक्रिया दिए । प्रदेश १ को औद्योगिक लाईफलाईनै ध्वस्तभएको बेला आफ्नो कार्यसमितिले निरन्तर रुपमा यो मुद्धालाई उठाएर समस्या समाधानका लागि पहल गरेको र पहलकै कारण एक बर्षमै पुल र नाका पूर्ण संचालनमा आएकोमा आफूले एउटा मिसन पुरा गरेकोमा गर्व लागेको रिजालले बताए ।

# ब्याडमिन्टन प्रतियोगितामा : प्रिन्स र जेशिका फाइनलमा

विराटनगर । नेपाल खेलकुद महासंघको पूर्वसन्ध्यामा नेकोस ब्याडमिन्टन संघको आयोजनामा विराटनगरमा जारी ब्याडमिन्टन प्रतियोगितामा नेपाल पुलिस क्लबका प्रिन्स दाहाल र एपिएफकी जेशिका गुरुङ फाईनलमा प्रबेश गरेका छन् । 'लिनिङ १२ औं पुष्पलाल स्मृति राष्ट्रिय वरियता ब्याडमिन्टन प्रतियोगिता २०२३' को एकलतर्फ उनीहरु फाइलमा प्रवेश गरेका हुन् ।

नेपाल ब्याडमिन्टन संघको शीर्ष १६ वरियताभित्र रहेका पुरुष एकलको सेमिफाइनलमा पुलिसका प्रिन्सले त्रिभूवन आर्मीका रुकेश महर्जनलाई २१-९, २१-१७ ले पराजित गर्दै फाइनल यात्रा तय गरेका हुन् । उपाधिका लागि प्रिन्सले आर्मीका प्रफुल महर्जनसँग प्रतिस्पर्धा गर्नेछन् । प्रफुलले पुलिसका विष्णु कटुवाललाई २१-१८, २१-७ ले पराजित गरे । हालै इटहरीमा भएको प्रथम मुख्यमन्त्री सरगमाथा राष्ट्रिय वरियता ब्याडमिन्टन प्रतियोगितामा प्रफुललाई पराजित गर्दै प्रिन्सले उपाधि जितेका थिए ।

यस्तै महिला शीर्ष १२ वरियताभित्रको एकलतर्फ प्रथम मुख्यमन्त्री सगरमाथा राष्ट्रिय वरियता ब्याडमिन्टन प्रतियोगिताकी उपाधि विजेता एपिएफकी जेशिका गुरुङले पुनः एक पटक राष्ट्रिय च्याम्पियन रसिला महर्जनलाई पराजित गर्दै फाइनल प्रवेश गरेकी छिन् । जेशिकाले आर्मीकी रसिलालाई १४-२१, २१-१६, २१-१२ ले पराजित गर्दै फाइनलमा आर्मीकी अनुमाया राईसँगको भेट पक्का गरेकी हुन् । अनुले फाइनल प्रवेश गर्ने क्रममा आर्मीकै प्राथना देउवालाई २१-१२, २१-११ ले पराजित गरेकी हुन् ।

पुरुषको शीर्ष १६ वरियतादेखि बाहेकको पुरुष एकलमा आर्मीका पविन लिनथेप र एपिएफका सुजन थापा उपाधि नजिक पुगेका छन् । पविनले आर्मीकै हिमाल चन्दलाई २१-१९, १३-२१, २१-१९ ले तथा थापाले एपिएफकै प्रनिश सिंह ठकुरीलाई २१-१८, १७-२१, २१-६ ले पराजित गर्दै उपाधि भिडन्त पक्का गरेका हुन् ।

महिला शीर्ष १२ देखि बाहेकको एकलतर्फको खेलमा आर्मीकी बिष्णा विष्टले पाँचथरकी रिना तामाङलाई २१-१५, २१-१३ ले पराजित गर्दै फाइनल प्रवेश गरेकी छिन् । अब उपाधिका लागि बिष्णाले झापाकी अञ्जना राईसँग प्रतिस्पर्धा गर्ने छिन् । राईले आर्मीकी टिशा रानी शाक्यलाई २१-६, २१-१३ ले पराजित गर्दै उपाधि नजिक पुगेकी हुन् ।

पुरुष यु १७ तर्फ

पुरुष यु १७ तर्फको प्रतिस्पधा'मा एपिएफका रोशन साउद र आर्मीका अनिल मल्लबीच उपाधिका लागि प्रतिस्पर्धा हुने भएको छ । रोशनले आर्मीका कविर केसीलाई २१-१३, १९-२१, २१-१५ ले तथा मल्लले दाङका सनौला रैनीलाई २१-१५, २१-१५ ले पराजित गर्दै फाइनल यात्र तय गरेका हुन् ।

महिला यु १७ तर्फ

महिला यु १७ तर्फ आर्मीकी रिहाना शेरचनले कास्कीकी निभा राईलाई २१-१४, २१-१३ ले पराजित गर्दै उपाधिका लागि आर्मीकी टिशा रानी शाक्यसँगको भेट पक्का गरेकी छिन् । शाक्यले ताप्लेजुङकी नुमा लिम्बूलाई २१-१९, २१-११ ले पराजित गर्दै फाइनल प्रवेश गरेकी हुन् ।

पुरुष युगलतर्फको खेलमा एपिएफका विजित थापा मगर र पुलिसका जीवन आचार्यको जोडी फाइनल प्रवेश गरे । मगर र आचार्यको जोडीले आर्मीका प्रफुल महर्जन र रुकेश महर्जनको जोडीलाई १५-२१, २१-१९, २१-१३ ले पराजित गर्दै उपाधिका लागि पुलिसका विष्णु कटुवाल र प्रिन्स दाहालसँगको भेट पक्का गरेका हुन् । कटुवाल र दाहालको जोडीले कास्कीका विधान अधिकारी र पविन लिनथेपको जोडीलाई

वांकी अन्तिम पेजमा...

# आर्थिक...

सन्दर्भमा कुरा गर्दा ६५ वा ७० वर्ष पुगेकै आधारमा यो वितरण गर्ने हो वा ज्येष्ठ नागरिकको सम्पत्ति वा संरक्षकको स्थिति हेरेर दिने हो ? केही ज्येष्ठ नागरिकहरूलाई मासिक रु. ५००० ले पनि नपुग्ने हुन सक्ला भने सम्पन्न ज्येष्ठ नागरिकलाई यो रकम आवश्यक नपर्ला ।

सरकारले सामाजिक न्याय स्थापित गर्न खोजेको हो वा समानता ? वर्तमान वितरण प्रणालीले समानता कायम गर्न खोजेको देखिन्छ । तर हामीले अहिले समानतामा नभएर सामाजिक न्याय वा वितरणात्मक न्यायमा जोड दिनु बढी जरुरी देखिन्छ । अर्बौं रकम यसरी अनुत्पादक तरिकाबाट वितरण गर्ने कार्यले राज्यमा थप आर्थिक समस्या निम्त्याउन सक्छ । विदेशी ऋणको भरमा यस्ता कार्यक्रमहरू कहिलेसम्म सञ्चालन गर्न सम्भव हुन्छ होला ।

त्यसैगरी जातको आधारमा आरक्षणमा छात्रवृत्ति प्रणालीलाई निरन्तरता दिनेजस्तो अवैज्ञानिक प्रणाली के हुन सक्ला ? सबै जातजातिका सन्तानहरूले क्षमताको आधारमा रोजेको विषय पढ्न पाउने संवैधानिक अधिकारलाई आर्थिक हैसियतको आधारमा निरूपण गरिनुपर्दछ । यो नै बढी वैज्ञानिक हुन्छ पनि तर राजनीतिक नाराका रूपमा गम्भीर आर्थिक एजेन्डालाई जोडिँदाको परिणति निकै भयावह हुन सक्छ ।

हामी नेपालमा क्रोनी क्यापिटलिज्म निर्माण गर्ने मूल नेतृत्व चयनको गोलचक्करमा फसिराखेका छौँ, जो वित्तीय सम्राज्यवादको दलाली गरेर राष्ट्रको स्रोतलाई दोहन गर्ने कुकर्ममा लिप्त छन् । यो मुलुकलाई माया गर्ने राष्ट्रवादी नेपालीहरू सबैले देशमा भएका सम्पूर्ण गतिविधिलाई चासोका साथ नियालिरहेका छन् ।

समयकै हिसाबले कुरा गर्दा पनि जातीय आरक्षणको अभ्यास भएको पनि करिब २० वर्ष पुग्न आँट्यो । अझ कति वर्षसम्म देशलाई आरक्षणमय बनाई राख्ने हो ? मलाई लाग्छ, राजनीतिक दलहरूले पनि यो कुरा राम्ररी बुझेका छन् तर बिरालोको घाँटीमा कसले घण्टी बाँध्ने भनेजस्तै कसले यो प्रचलनको बर्खिलाप आवाज उठाउने भन्ने डरको कारण नबोली बसेका छन् । राजनीति, भोट बैङ्क र शक्ति सबै विकृतिको जड यिनै तीन चिजमा देखिन्छ । यी तीन तत्त्वभन्दा माथि जनता र राष्ट्र छ भन्ने पनि सोचौँ । म र मेरो मात्र भन्ने भावनालाई त्यागेर हामी र हाम्रो राष्ट्र भन्ने भावनाले व्यवहार गर्यौं भने हामी चिरकालसम्म स्मरणीय र पूजनीय हुनेछौँ । जीवन मरण एक चक्र हो, कोही सास्वत छैनौँ भन्ने सम्झे मात्र पनि हामी साँघुरो घेराभन्दा माथि उठेर राष्ट्रको निम्ति सोच्ने प्राणीमा रूपान्तरित हुनेछौँ ।

के छ उपाय ?

प्रसिद्ध अमेरिकी साहित्यकार तथा राजनीतिक विश्लेषक नोम चोम्स्की भन्नुहुन्छ, जनतालाई लागेको कुरा बोल्ने, ती जनताको भावनालाई प्रतिनिधित्व गर्दै र तिनलाई गोलबद्ध गरी आफ्नो शक्ति आर्जन गर्ने खेलको नाम नै पुँजीवाद हो । विकासको निम्ति प्रतिस्पर्धाभन्दा पनि स्वार्थको निम्ति जनताबाट शक्ति आर्जन गर्ने र अप्राकृतिक रूपमा आर्जित शक्तिलाई मानवताविरोधी, धर्मविरोधी र प्रकृतिको नियमविपरीत दुरुपयोग गर्ने काम क्रोनी क्यापिटलिज्मको हो । क्रोनी क्यापिटलिज्मको विस्तारित रूप नै वित्तीय साम्राज्यवाद हो भनेर उनले अर्थ्याएका छन् ।

हामी नेपालमा क्रोनी क्यापिटलिज्म निर्माण गर्ने मूल नेतृत्व चयनको गोलचक्करमा फसिराखेका छौँ, जो वित्तीय सम्राज्यवादको दलाली गरेर राष्ट्रको स्रोतलाई दोहन गर्ने कुकर्ममा लिप्त छन् । यो मुलुकलाई माया गर्ने राष्ट्रवादी नेपालीहरू सबैले देशमा भएका सम्पूर्ण गतिविधिलाई चासोका साथ नियालिरहेका छन् । फलस्वरूप लामालामा तथ्याङ्कका फेहरिस्त पस्कन्छौँ पनि । तर काम गर्ने ठाउँमा पुग्न सक्दैनौँ या हिच्किचाउँछौँ । बरु क्षणिक लाभ हानिको हिसाबकिताब गरेर कुनै अर्को व्याक्ति, जसलाई हामी नेता भन्छौँ, उसलाई त्यो ठाउँमा पुर्याउँछौँ । अनि ५ वर्षसम्म राष्ट्रको सर्वज्ञ बनेर सबै नेताहरूलाई गाली गर्दै, गाली गराइको पाइनअनुसार पीडित दाजुभाइहरूको तालि खाँदै मख्ख पर्दै बस्छौँ । यस्तो लाग्छ, हामीलाई गालीको मसिहा बनाउन नेताज्यूहरूले हामीलाई दु:खी जनताको सपनाको सौदागरका रूपमा उभिने वातावरण तयार गर्दै हुनुहुन्छ ।

यो सब ठीक छ, गाली विरोध, विद्रोहलाई हामी स्वभाविक रूपमा लिनु र बुझ्नु पर्दछ । मूल प्रश्न असन्तुष्टिको व्यवस्थापनको हो । समस्याको हल हुन नसक्नुको पछाडि व्यवस्थापनको कमजोरी प्रमुख कारण हुन्छ । त्यसपछि नेतृत्वको नियत सहायक कारण रहन्छ । गाली, विरोध र विद्रोहको वातावरणलाई खुसियाली र भाइचारमा बदल्नको निम्ति हामी सचेत नेपालीहरूले आआफ्नो ठाउँबाट भूमिका खेल्नुपर्दछ । तत्कालीन, अल्पकालीन र दीर्घकालिन गरी तीन उपायबाट मात्र राष्ट्रमाथि मडारिएको सङ्कटलाई समाधान गर्न सकिन्छ जुन निम्नअनुसार छन :

### तत्कालीन उपायः

देशमा विद्यमान नियम, कानुन, विधि, कार्यविधि जेजे छन्, तिनलाई सशक्त रूपमा लागू गर्न सक्नेगरी सरकार, कर्मचारी प्रशासन, सुरक्षा निकाय, संवैधानिक निकाय, कूटनीतिक नियोगजस्ता संयन्त्रको परिचालन गर्ने वातावरण तुरुन्त निर्माण गर्ने । चुनावी प्रक्रियामा जाने उम्मेदवार तथा सरकारहरूका प्रतिनिधिहरूसँग यिनै विषयमा बहस र पैरवी गर्ने, दबाब सिर्जना गर्ने वा आवश्यक परे आफैं नागरिकको अवस्था परिवर्तनको निम्ति चुनावी मैदानमा उत्रने । विद्यमान कानुनले भ्रष्टाचारलाई रोक्न र ढिलासुस्तिलाई समाप्त पार्न छेक्दैन होला । भन्सार कार्यालय, ट्रफिक प्रहरी कार्यालय, सिंह दरवार वा अन्य सरकारी निकायमा थन्किएर रहेका जफत गरिएका सवारी साधनहरूलाई विक्रि गर्न वा राफसाफ गर्न कानुनै नभएको होइन होला । देश भरीका जंगलमा सड्न पुगेका काठलाई निकालेर काठको वितरणलाई सर्वसुलभ बनाइनु पनि कानुनले त छेक्दैन होला । यदि कानुन अवरोध हो भने अर्बौंको राजस्व उठ्ने इन्धनलाई सदुपयोग गर्न मिल्ने गरी नयाँ कानुन ल्याउन किन ढिला गर्ने ?

समयमा बजेट कार्यान्वयनमा नलैजाने कर्मचारी प्रशासनलाई के कसरी विकासमैत्री बनाउन सकिन्छ भन्नेबारे बहस किन नचलाउने ? विभिन्न राजनीतिक दलहरूको आबद्धता झल्कने गरी खोलिएको शिक्षक, प्राध्यापक तथा पेसागत कर्मचारी सङ्गठनहरू किन राख्ने ? मलाई लाग्छ यिनै पेसागत आबद्धताका कारण साँढे भएकाहरूबाट सारा काम बिग्रिराखेको छ । नियमअनुसार बन्द व्यापार गर्न नहुने कारण के हो ? तिनलाई नियमन गर्न कसले रोकेको छ ? त्यो शक्तिलाई चिर्न नसक्ने मान्छे कसरी नेता हुन सक्छ ? यहाँ चेलीहरू बलात्कृत हुन्छन्, अपराधीहरू खुलेआम हिँडिराख्छन् । तिनलाई पक्रेर कारबाही गर्न गृहमन्त्रीको आदेश चाहिने हो ? नियमित रूपले कानुन सम्मत काम गर्न पनि नसक्ने हो भने अर्बौं रूपैयाँ तिनको तलब भत्तामा राज्यले किन खर्च गर्ने ?

कम्तीमा ५ वर्षका निम्ति सवारी साधन आयातमा रोक लगाई देशमा थन्किएर बसेका गाडीहरू मर्मत गरेर सञ्चालन गरिनुपर्दछ । नगरिकले गाडी आयात गर्दा उसको आर्थिक हैसियत, निजको आम्दानीको स्रोत र निजले राज्यलाई तिरेको करको योगदान जस्ता पक्षबारे विश्लेषण गरिनु पर्दछ ।

अत: देशको अर्थतन्त्र भन्सारमुखी नभई उत्पादनमुखी बनाइनुपर्दछ । अख्तियारका आयुक्तहरू, अदालतका न्यायाधीशहरू किन राजनीतिक सिफारिसमा गर्ने ? अनि अख्तियारका प्रमुख तथा आयुक्तहरू निजामती वा प्रहरी सेवाबाट किन लिने ? भ्रष्टाचार लुकाउन जान्दैन भनेर हो या भ्रष्टाचारीलाई कारबाही गर्न सक्दैन भनेर हो ? अख्तियारका प्रमुख आयुक्तमा प्रेम सञ्जेलजस्ता कर्मशील कर्मचारी छन् भने राख्नै नमिल्ने भन्नै होइन । तर राष्ट्रप्रति समर्पित सक्षम युवावर्गबाट अनेकौं जिम्मेवारी सुम्पिन र विदेशिएका युवालाई भोटिङ राइटको प्रबन्ध मिलाउन कानुन निर्माण गर्न किन कन्जुस्याइँ गर्ने ?

नेपालमा युद्ध सरदार हुन सजिलो होला तर नेता हुन गाह्रो छ तर असम्भव छैन । अनौपचारिक अर्थतन्त्रलाई क्रमशः औपचारिक अर्थतन्त्रमा रूपान्तरण गर्न यिनै भए गरेको नियम, कानुन र संरचना काफी छन् । तर यसको निम्ति एउटा सर्त चाहिँ पूरा हुनैपर्छ । त्यो हो यो सब पालना गराउने व्याक्ति वा नेतृत्व सादगी हुनै पर्दछ । बेदाग हुनै पर्दछ । मैला हातले कपडा धोएर धोइँदैन । अब दागीहरू सत्तामा गएर आफ्नो निदारको दाग सफा गर्छु भन्ने दिन पनि बिस्तारै जाँदैछन् ।

अत: राज्यसत्ता सञ्चालन गर्न सक्छु भनेर गएका नेताहरूबाट हामी सबैले माथिका जस्तै अनेकौं ज्वलन्त प्रश्नहरू राखेर दबाब दिन सक्छौँ ताकि काम गर्ने ल्याकत नभएकाहरू भोलिका दिनमा मन्त्री, सांसद वा अन्य राजनीतिक जिम्मेवारीमा आउन धेरै पल्ट सोच्नु परोस् । आवश्यक परे देशको निम्ति नेतृत्व दिन हामी हरपल तयार भएर बसौँ तर नि:स्वार्थ रूपमा ।

मध्यकालीन उपाय:

भनिन्छ धतुरो रोपेर आँप फल्दैन । हाम्रो समाजको मूलभूत समस्या वा अन्तरविरोधहरूको विश्लेषण र संश्लेषण गर्दै परिवर्तित विश्व परिवेश र युवा पुस्ताको सोचअनुरुप देशमा यस्ता संरचनाहरू बनाऔँ जसले आगामी २५, ३० वर्षपछि देशलाई विकासको लोभलाग्दो स्थितिमा पुर्याउन सकोस् । हाम्रा शिक्षालय, विश्वविद्यालय, स्वास्थ्य चौकी र अस्पताल, संवैधानिक निकायहरू र तिनको चेक एन्ड ब्यालेन्स प्रणाली, अनुसन्धानशाला, वैज्ञानिक, प्राध्यापक, सर्जकहरू जताततै गर्व गर्नलायक मानव संरचनाहरू निर्माण गरौँ । तिनमा भौतिक सुविधासमेत थप्दै जाऔँ ।

जिम्मेवारीमा बस्ने हरेक व्यक्तिले आफ्नो असक्षमताप्रति लाज लागेर स्वत: निवृत्त हुँदा समाजले सम्मान गर्ने संस्कृति बसालौँ । नयाँ शोध, खोज र दृष्टिकोणलाई प्रोत्साहन गर्ने उच्च संस्कार निर्माण गरौँ । देशका विशिष्ट महानुभावहरूलाई दिइने आकर्षक सुविधामा कटौती गर्नेगरी कानुन निर्माण गरौँ । राजनीतिलाई आकर्षक बनाउनुभन्दा पनि सेवाको निम्ति राजनीतिमा आउने हो र सेवाअवधि समाप्त भएपछि स्वत: आफ्नो पूर्ववत् पेसामा फर्केर जीविका निर्वाह गर्न बाध्य पारिनु जरुरी छ । यसलाई नैतिक विषयसँग पनि जोड्न सकिन्छ । देशलाई कङ्गालीकरण हुन नदिन पनि यो व्यवस्था जरुरी छ ।

देशलाई विदेशीहरूको इसारामा चल्न नदिउँ । उनीहरूको आत्मसम्मानलाई मध्यनजर गर्दै हाम्रा कानुनी संवैधानिक दायराहरूको सीमा बताएर मुस्कुराउँदै सरी भनौँ । देशका सीमाहरूलाई अद्यावधि राख्न नम्र कूटनीतिलाई पछ्याइराखौँ । सीमापारिबाट हुने अवैध कृषिजन्य आयात तथा अन्य औद्योगिक उत्पादनको आयातलाई रोक्नै पर्छ । सो अनुरूप प्रशासनिक व्यवस्था मिलाऔँ ।

लागत-लाभ विश्लेषणको आधारमा देशलाई दीर्घकालमा गएर लाभ हुने परियोजनामा मात्र स्रोतको व्यवस्था गरौँ । सक्दो अनुदान वा सौविध्य प्राप्त ऋणतर्फ ध्यान दिऔँ । विदेशी मुद्रा स्वदेशमा आकर्षित गर्ने काइदा खोजौँ । धेरै उपायहरू हुन सक्छन् । तर युवाहरूको विदेश पलायनलाई न्यून गर्ने दीर्घकालीन योजना के हुन सक्छ, यसमा माथापच्चिसी गरौँ । समाधान प्रशस्त छन् ।

आगामी १० वर्षभित्र देशमा ३० लाख रोजगारी सिर्जना गर्न सकिने गरी कार्ययोजना निर्माण गर्न सकिन्छ । त्यसका निम्ति बहस थालौँ । देशमा दर्ता भई सञ्चालनमा आएका उद्योग कलकारखानालगायतका प्रतिष्ठानलाई राज्यबाट केकसरी प्रोत्साहन गर्न सकिन्छ भन्नेबारे राष्ट्रव्यापी बहस गरौँ । सन् २०३० सम्म देशमा एक करोड पर्यटक भित्र्याउन सकिन्छ । त्यसतर्फ व्यावहारिक कार्ययोजना निर्माण गरी अगाडि बढ्न ढिला गर्नु देशप्रतिको गद्दार हुनेछ ।

देशका चरम गरिबी, असमानता र बेरोजगारीकाबीच केही गर्न नसक्ने नेता, कर्मचारी र जिम्मेवार पदाधिकारीहरूको राष्ट्रप्रतिको निष्ठामा प्रश्न किन नउठाउने ? देशको प्रतिव्याक्ति आयलाई सन् २०३० सम्म मध्यमस्तरको आय भएको मुलुकमा रूपान्तरण गर्न आवश्यक वित्तीय नीति र मौद्रिक नीतबारे छलफल बहस सुरु गरौँ ।

देशको पुनर्जागरणको प्रवेश गर्यो भन्ने माहोल निर्माण गर्न सकिने प्रशस्त आधारहरू छन् । नूर गिरेका, गलेका, थाकेका, चुकेका, कुण्ठाग्रस्त, भिजनविहीन, देशमा ऋणको भार थोपर्न सिपालु, राजनीतिक तथा निजामती नेतृत्वले फगत पावर, पैसा र परिवारभन्दा पर देख्दैनन् । उनीहरूको तत्काल बिदाइको दिन तय गरिनुपर्छ । सधैँभरी देश घिसिर पिटिरमा चल्न सक्दैन ।

### दीर्घकालीन उपाय

देशले आगामी सय वर्षको नेपालको परिकल्पनाका साथ देशको अर्थतन्त्रको रूपान्तरण र सामाजिक न्यायको क्षेत्रमा गर्न सकिने कामको खाका तयार पारी आवश्यक कानुनी, जनशक्ति तथा संरचनागत रूपान्तरणका निम्ति गर्न सकिने काम बारे निक्यौल गरी अगाडि बढ्न सकिन्छ । यी सबैको जडको रूपमा रहेको छ- राष्ट्रको शिक्षा प्रणाली ।

नागरिकको जीवन दर्शन वा जीवन र जगत्प्रतिको सटिक बुझाइको कमीका कारण मानिस आत्मकेन्द्रित हुँदै जानु र उसले राष्ट्रलाई आफ्नो स्वार्थका निम्ति घात गर्न सक्ने हुन्छ । यसखाले प्रवृत्तिले गर्दा जताततै भ्रष्टचार, अनियमितता, ढिलासुस्ति, घात, धोका, घृणा, आवेग, प्रतिशोध जस्ता नकारात्मक प्रवृत्ति मानिसमा झाँगिँदै गएको छ । न्यूनतम स्तरको नैतिकता पनि नेतृत्वमा पाइँदैन । मानिसका यी सबै नकारात्मकताहरूलाई जरोबाट उखेल्नको निम्ति उपर्युक्त शिक्षा प्रणाली वा जीवन दर्शन अनिवार्य हुन्छ । यस्तो गुह्य कुराप्रति आँखा चिम्लिँदा राष्ट्र विस्तारै ओरालो लाग्दै जान्छ । जब मानिसले आफूभन्दा समाज र देशलाई महत्त्व दिन सुरु गर्दछ । देशमा रहेका विकृत्तिहरू स्वत: आधा हुन्छन् । बाँकी आधा काम नियम, कानुनले गर्छ ।

लर्ड मेकियाबेलीको शिक्षा प्रणालीले दिने यस्तै धतुरा हुन्, आँप होइनन् । हाम्रो पूर्वीय दर्शनमा आधारित शिक्षा प्रणालीलाई बढीभन्दा बढी स्पेस दिनु जरुरी छ । कस्तो परराष्ट्र नीति, कस्तो उद्योग नीति, कस्तो राजस्व नीति, कस्तो कृषि नीति देशका लागि आवश्यक पर्दछ भन्ने सम्बन्धमा पूर्वीय दर्शनहरूमा प्रशस्त अध्ययन भएको पाइन्छ । वृहस्पति, शुक्र र कौटिल्यले जस्ता विद्वान्हरूले यस सम्बन्धमा नीति नै निर्माण गरेको पाइन्छ । हामी पनि हाम्रो शिक्षा नीति, कृषि नीति, राजस्व नीति, सैन्य नीति, विदेश नीति, उद्योग नीति आदि कस्तो हुनुपर्दछ भन्ने कुराहरू निरूपण गर्नको निम्ति हाम्रो पूर्वीय दर्शनमा आधारित सम्यक शिक्षा पद्धतिले आधार स्तम्भको रूपमा भूमिका खेलेको हुन्छ ।

राजनीतिमा निरपेक्षतावादको प्रयोग

अर्थसामाजिक रूपान्तरणमा निरपेक्षतावाद निकै बलियो आधार हो । देश, काल र परिस्थिति सापेक्ष नै सब गलत काम भइराखेका छन् । सापेक्षतावादलाई तोड्नेवित्तिकै उत्साहजन काम सुरु हुन्छ । उदाहरणका लागि धरानका मेयर हर्क साम्पाङ र काठमाडौँका मेयर बालेन शाहलाई लिन सकिन्छ । दलालवादसँग निरपेक्ष भएको कारण नै उनीहरू जनप्रिय भए । उनीहरू निरपेक्ष रहेसम्म जनप्रिय हुन्छन् । जुन दिन आम प्रवृत्ति सापेक्षको घेराभित्र प्रवेश गर्दछन् उनीहरूको यो क्रेज समाप्त हुन्छ ।

देशलाई रेमिट्यान्स रिपब्लिक तर्फ धकेल्ने समस्याका मूल कारण दुईवटा देखिन्छन् । एक- जीवन र जगत्प्रतिको बुझाइमा कमी । अर्को- दलाली प्रवृत्ति ।

पछिल्लो संसदीय निर्वाचनमा पनि केही युवाहरू निरपेक्षवादको वकालत गरे । निर्वाचित पनि भए अनि सत्तारोहण भयो । अब उनीहरू आम प्रवृत्तिको सापेक्षिक घेराभित्र घुस्न आउँछन् कि त्यहीँ टिकिरहन्छन् त्यो समयान्तरमा स्पष्ट हुँदै जानेछ ।

केही अगाडिको एउटा उदाहरण हाम्रो सामु छ निरपेक्षवादको । डा. बाबुराम भट्टराई प्रधानमन्त्री हुनुहुन्थ्यो । उहाँ गोरखाको मान्छे, युद्धको पृष्ठभूमि । उहाँलाई काठमाडौँका रैथाने र धनाढ्यसँग त्यति धेरै लगाव बनिसकेको पक्कै थिएन । उहाँकै मन्त्रीमण्डलमा भौतिक योजनामन्त्री हुनुहुन्थ्यो हृदयेश त्रिपाठी । हृदयेश त्रिपाठी पनि तराईका स्थापित जननिर्वाचित नेता भएको हुनाले काठमाडौँका घरधनीसँग हिमचिम र लगाव हुने कुरै भएन । अनि सरकारले काठमाडौँका घर भत्काएर बाटो फराकिलो बनाउने काम हिम्मतका साथ अगाडि बढायो । यो काठमाडौँ निरपेक्षताको उपज थियो । यसले जनताको प्रशंसा पनि बटुल्यो, काठमाडौँका सडक खुला र फराकिला भए ।

यस्तै ऊर्जा मन्त्री जनार्दन शर्मा र नेपाल विद्युत् प्राधिकरणका कार्यकारी प्रमुख कुलमान घिसिङको लोडसेडिङ हटाउने युगान्तकारी कामलाई लिन सकिन्छ । पहिलो पटक ने.क.पा. एमालेले ल्याएको आफ्नो गाउँ आफै बनाउ अभियान र नेकपा माओवादीले सञ्चालन गरेको जनयुद्धबाट स्थापित गरेको समावेशिता, सङ्घीयता, आरक्षण प्रणाली र धर्म निरपेक्षता जस्ता उपलब्धि निरपेक्षतावादका ज्वलन्त उदाहरण हुनसक्छन् ।

### उपसंहार

उल्लेखित समस्या प्रतिनिधि मात्र हुन् । देशलाई रेमिट्यान्स रिपब्लिकतर्फ धकेल्ने समस्याका मूल कारण दुईवटा देखिन्छन् । एक- जीवन र जगतप्रतिको बुझाइमा कमी । अर्को- दलाली प्रवृत्ति । देशमा दलालवाद हाबी छ । घुसबिना सानोभन्दा सानो काम पनि नागरिकले गराउन पाउँदैनन् । घुसको ठूलो हिस्सा ताबेदारी, नजराना र दलालीमा प्रयोग भइरहेको कुरा आमबुझाइ भइसक्यो । सानाले आफूभन्दा ठूलाको दलाली गर्ने अनि लाभ लिने । आफ्नो काममा भन्दा पनि माथिल्लालाई रिझाए पुग्ने परिपाटीले देशमा क्षमता प्रदर्शन गर्ने र क्षमताका आधारमा वा कामका आधारमा पुरस्कृत हुने मेरिटोक्रेसी पद्धतिलाई नामेट पार्यो ।

समाजमा दुई पैसाको योगदान नदिनेहरूले चाकरी र चाप्लुसीको भरमा अकूत सम्पत्ति जोड्न सक्ने भए । नीति निर्माण तहमा पुगेर राजनीतिलाई पनि धमिल्यायो । अरू त अरू देशकै विरुद्ध सुराकी र जासुसी गरेर विदेशीहरूबाट समेत रकम हसुर्ने जस्ता नरोधमहरू पनि छन् । लाज, डर, इज्जत केही छैन । न त देशको मायाँ नै छ । त्यस्ताहरू नेपाली भूमिमा मुन्टो उठाएर हिँडिरहेका छन् ।

अत: बिनालगानी बीचमा बसेर अकूत सम्पत्ति कमाउन सकिने वातावरण दलालवादमा मात्र सम्भव छ । दलालवादले गर्दा देशको प्रचुर सम्भाव्यता भएका क्षेत्रहरू पर्यटन, उद्योग, कृषि, जैविक विविधता, जलविद्युत् जस्ता क्षेत्रको पर्याप्त विकास हुन सकेको छैन । म भोलि मर्ने हो, अनन्तकालको निम्ति मेरो यो सम्पत्तिले मलाई साथ दिँदैन, परिवारले पनि साथ दिँदैन, नातागोताले पनि छाडिदिन्छन् भनेपछि म नाङ्गिएर राष्ट्र र जनताविरुद्ध किन जानु पर्यो ? सक्दासम्म यही देशको सेवामा लागि रहन्छु भन्ने शुद्धि कहिले पलाउने हामीमा ? यही जीवन दर्शनको अभावमा मानिस दलालीकरणमा फस्यो र क्रमशः देशलाई खोक्रो बनाउँदै लग्यो । यसर्थ हामीले दार्शनिक शिक्षा र समयानुकुल कानुन निर्माण गरेर राष्ट्रसेवामा प्रतिबद्ध नागरिक उत्पादनमा ध्यान नदिईकन आमूल परिवर्तनको सपना नदेख्दा हुन्छ ।

नेपाली जनताको कर पसिनाबाट पालित पोषित ब्युरोक्रेसी, सुरक्षा निकाय, राजनीतिकर्मी तथा उच्च पदस्थ कर्मचारीहरूमा अलिकति पनि मानवता, राष्ट्रप्रेम र सद्भाव बाँकी छ भने अर्थतन्त्रमाथि अर्बौंको ऋण थोपर्ने गरी ल्याइएका प्रोटोकल सुविधाहरू अस्वीकार गर्दै नयाँ कानुन निर्माण गर्न दबाब दिनु पर्दछ । देश निर्माणमा योगदान गरेकै भरमा अकूत सुविधा लिने र दिने व्यवस्था बन्द नै गर्नु पर्दछ । देशमा भए गरेका कानुनलाई कडाइकासाथ लागु गर्ने ल्याकन पनि निरपेक्षतावादी चिन्तनधाराले जन्माउँछ । नयाँ विचार, सिर्जना, शान्ति र सदभाव जस्ता उच्चकोटिका मानवीय गुणहरूको सम्पुष्टिको निम्ति परम्परागत दलाली र आत्मकेन्द्रित प्रवृत्तिको खारेजी अनिवार्य भइसक्यो । रातो पाटीवाट ।

